# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०७९

# Local Disaster and Climate Resilience Plan (LCDRP)

## कटहरिया नगरपालिका



**तयार पार्ने**
**सुनाखरी रिसर्च कन्सल्ट प्रा लि**
**बानेश्वर, काठमाण्डौ**

**आर्थिक तथा प्राबिधिक सहयोग**
**इस्लामिक रिलिफ वोर्ल्डवाइड**

**स्थानीय साझेदार/कार्यान्वयन**
**ग्रामिण विकास केन्द्र नेपाल**
**चन्द्रपुर-४ रौतहट**

**सर्बाधिकारः** कटहरिया नगरपालिका, रौतहट, मधेश प्रदेश, नेपाल

**प्रकाशक**

कटहरिया नगरपालिका

रौतहट, मधेश प्रदेश, नेपाल

फोन न: 9855067803

E-mail: katahariyamun@gmail.com
Website: https://katahariyamun.gov.np

**योजना तर्जुमा तथा प्रकाशन सहयोग**

RDC Nepal (ग्रामीण विकास केन्द्र, रौतहट, नेपाल)

Sunakhari Research Consult Pvt.Ltd, Kathmandu

**निर्माण निर्देशिका**

स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ (Local Disaster Risk Management Plan Guideline, 2068) र स्थानीय विपद् तथा जलवायु उत्थानशीलयोजना तर्जुमा निर्देशिका, मस्यौदा, २०७४ (Local Disaster and Climate Resilience Planning Guidelines, 2074)

**दस्तावेज**

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०७९, कटहरिया नगरपालिका, रौतहट, मधेश प्रदेश

**योजना निर्माणमा प्राविधिक सहयोग, सहजीकरण, लेखन तथा तयारी**

ग्रामीण विकास केन्द्र, नेपाल (आर डी. सी) , रौतहट र सुनाखरी रिसर्च कन्सल्ट प्रा. लि, काठमाडौं

यो योजनाको निर्माण कटहरिया नगरपालिका र कटहरिया नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति सँगको सहकार्यमा भएको हो । योजना निर्माण ग्रामीण विकास केन्द्र, नेपाल (आर डी. सी) , रौतहट र सुनाखरी रिसर्च कन्सल्ट प्रा. लि, काठमाडौंको आर्थिक तथा प्राविधिक सहयोगमा गरिएको हो ।

जिल्ला समन्वय समितिको कार्यालय

रौतहट, गौर

मधेश प्रदेश, नेपाल

# मन्तव्य

नेपाल बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी, हावाहुरी, चट्याङ्, असिना, खडेरी, हिमताल बिष्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मुलुक हो। जलवायु परिवर्तनका कारण पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा छ ।

रौतहट जिल्लामा विगतका केही बर्षबाट नै वाढी, खडेरी, शितलहर, हावाहुरी, डुबान, भूकम्प तथा आगलागीबाट उत्पन्न क्षतिलाई न्यूनीकरण गर्न केही मात्रामा भए पनि पूर्व तयारीका कार्यहरु थालनी भएको छ । विगत र वर्तमानको वास्तविकताको विश्लेषण गरेर बाढीबाट हुने क्षतिलाई कम गर्न आगामी दिनमा विकासका कार्यक्रमहरुमा विपद् व्यवस्थापनलाई प्रत्याभूत गर्न आवश्यक भएको अनुभव गरिसकेको छ । संघ संस्थाहरुको सहयोगमा बिभिन्न प्रकारका विपद्का व्यवस्थापनको लागि कटहरिया नगरपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना बनाउन सफल भएकोमा म अत्यन्तै हर्षित भएको छु । यसको लागि सहयोग गर्ने निकाय र व्यक्तिहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस योजनाले नगरपालिका स्तरमा विपद् बाट हुने मानवीय असरहरूलाई कम गर्न तथा प्रभावित समुदायको आवश्यकताहरू पूर्ति गर्नका निमित्त समयमा नै एकनासको तथा समन्वयात्मक प्रतिकार्य उपलब्ध गराउने कुरामा म विश्वस्त छु । साथै यस योजनाले जोखिममा रहेका समुदायको सुरक्षित

भविष्यको प्रत्याभूतिको लागि विपद्को सामना गर्न नगरपालिकाको क्षमता अभिवृद्धिमा समेत सहयोग पुर्याउनेमा विश्वास गर्दछु ।

अन्तमा, यो योजना बनाउन आर्थिक र प्राविधिक सहयोग गर्नुहुने ग्रामीण विकास केन्द्र, नेपाल (आर डी.सी) ,रौतहट र सुनाखरी रिसर्च कन्सल्ट प्रा.लि, काठमाडौं प्रति हार्दिक आभार प्रकट गर्छु । साथै स्थानीय तथा वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समिति र सम्पूर्ण राजनीतिक दलबाट निरन्तर सहयोगको अपेक्षा गर्छु । सबैको साथ र सहयोगले कटहरिया नगरपालिकालाई विपद् उत्थानशील नगरपालिकाका रूपमा विकास गर्न सहयोग पुग्ने आशा गरेको छु । धन्यवाद ।

रामएकवाल राय यादव

अध्यक्ष

# मन्तव्य

विश्वव्यापी चिन्ताको विषय बनेको विपद्को विषयमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरूमा नेपालले समेत विपद् व्यवस्थापनमा प्रभावकारी रूपले काम गर्ने प्रतिबद्धता जनाइसकेको छ । यसै सन्दर्भमा विपद्को पूर्वतयारीका साथ व्यवस्थापन गरेर नागरिकको जनधनको सुरक्षा गर्नु सरकारको दायित्व भित्रको कुरा हो ।यसो भएकाले सरकारबाट विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पीकरण, प्रतिकार्य, पुनस्र्थापना र पुनर्निर्माण तथा अनुकूलनको कार्यलाई विशेष महत्व दिएको छ ।

नगरपालिकाको सबै वडामा वडास्तरीय सङ्कटासन्नता तथा क्षमता विश्लेषणपछि नगरपालिकास्तरीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा भएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी "स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका–२०६८" तथा "स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका–२०७४" बमोजिम तयार गरिएको यस योजनाको कार्यान्वयन, नगरपालिकाले पहिचान गरेको जोखिम न्यूनीकरणका लागि सङ्घ,, प्रदेश, जिल्लास्थिता विषयगत कार्यालयहरू, दातृ निकायहरू, अन्य अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट सहयोग प्राप्त हुने अपेक्षा गर्छु ।

यसका साथै यस नगरपालिकामा कार्यरत सबै साझेदार निकायलाई विकासका परियोजनाहरू सञ्चालन गर्दा विकासका विषयगत क्षेत्रमा विपद् जोखिम व्यवस्थापनका विषयहरूलाई मूलप्रवाहीकरण गरिदिनुहुन आग्रह गर्छु । अन्तमा, यो योजना बनाउन आर्थिक र प्राविधिक सहयोग गर्नुहुने ग्रामीण विकास केन्द्र, नेपाल (आर डी. सी) , रौतहट र सुनाखरी रिसर्च कन्सल्ट प्रा. लि, काठमाडौं प्रति हार्दिक आभार प्रकट गर्छु । यस योजनालाई निर्माण गर्न सहयोग गर्ने नगरपालिकाका कर्मचारीहरु, कार्यपालिका सदस्यहरु, स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरु, तथा प्राविधिक सहयोगी लगाएत सबैमा धन्यवाद ज्ञापन गर्दछु ।

धन्यबाद ।

अजय प्रकाश
नगर प्रमुख

## कृतज्ञता ज्ञापन

प्राकृतिक तथा मानविय क्रियाकलापवाट आकस्मिक वा क्रमिक रुपमा सिर्जना हुने मानविय कावु बाहिरको परिस्थितिवाट उत्पन्न हुन सक्ने अवान्छित विपत्तिलाई पुर्णरुपमा रोक्न हामी सक्षम नभएतापनि त्यस्ता विपत्तिको बिश्लेषण, पूर्वानुमान र त्यस वाट पुग्न सक्ने क्षतिको न्यूनीकरण गर्ने उदेश्यले कटहरिया नगरपालिकाको विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुर्नलाभका कार्यहरु प्रभापकारी रुपमा कार्यान्यन गर्ने प्रयास भैरहेको छ । आगामी दिनमा आईपर्न सक्ने सम्भावित विपद् वाट उत्पन्न हुने जोखिमको न्यूनिकरण र प्रकोप पूर्वतयारी, प्रतिकार्य तथा पुर्नलाभमा दिशाबोध गराई धनजनको क्षतिलाई न्यूनिकरण गर्न यो योजना सफल हुने बिश्वास गरेको छु ।

नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐनको परिछेद–३, दफा ११ (२) मा स्थानीय सरकारको विपद्सम्बन्धी अधिकार र गर्नुपर्ने कार्य क्षेत्रको स्पष्ट व्यवस्था छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा स्थानीय तहले नै विपद् व्यवस्थापन र न्यूनीकरणको काम गर्ने स्पष्ट व्यवस्था छ ।यस सन्दर्भमा कटहरिया नगरपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरेर विपद्को जोखिम कम गर्ने र विपद् भएमा प्रभावकारी व्यवस्थापन गर्न योजना बनाएको छ । यस योजनाले कटहरिया नगरपालिकालाई विपदबाट भइरहेको क्षति कम गर्नमा सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु । यसै क्रममा स्थानीय सरकार सञ्चालन ऐनअनुसार स्थानीय तहले योजना बनाई कार्यान्वयन गर्नुपर्ने प्रावधानअनुसार ग्रामीण विकास केन्द्र, नेपाल (आर डी. सी) , रौतहटको सहयोगमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरेको छ । यस योजनामा भएका क्रियाकलापलाई यस पालिकाले आफ्नो वार्षिक बजेटमा समाहित गर्दै विपद् व्यवस्थापन एवम् जोखिम न्यूनीकरणका कार्यहरु गर्नेछ ।

यो योजना बनाउने क्रममा आर्थिक र प्राविधिक सहयोग गर्नुहुने ग्रामीण विकास केन्द्र, नेपाल (आर डी. सी) , रौतहट र सुनाखरी रिसर्च कन्सल्ट प्रा. लि, काठमाडौं हार्दिक धन्यवाद दिन चाहन्छु। यस योजना बनाउने क्रममा वडा अध्यक्ष र वडाका जनप्रतिनिधिहरु, कर्मचारीहरु र सरोकारवाला निकायहरु सबैलाई धन्यवाद दिदैं यस योजनाको पूर्ण कार्यान्वयनको प्रतिबद्ता गर्छु। धन्यबाद।

रिता देवी
नगर उप–प्रमुख

# दुई शब्द

प्रकोप तथा विपद्हरु मूलतः मानवीय क्रियाकलापका कारण हुन्छन् । विपद् आइसकेपछि त्यसको सामना गर्न हामीसँग कति क्षमता छ, सोहीअनुसार नै कति प्रभावित हुन्छौँ भन्ने पनि निर्भर गर्छ ।

विगतमा विपद् व्यवस्थापन गर्न प्रतिकार्य योजनामा जोड दिइन्थ्यो । आजभोलि विपद् सहनशीलता र उत्थानशीलताको आखाँबाट हेर्न थालिइको छ । जलवायु परिवर्तको असर र विपद् जोखिमलाई मध्यनजर गर्दै स्थानीय सरकारले आफ्ना गतिविधिमा जलवायु अनुकूलन र उत्थानशील योजना समावेश गर्न आवश्यक छ । जलवायु परिवर्तनको असर र विपद् जोखिम प्रभाव पनि सबभन्दा पहिले स्थानीय तहबाट सुरु हुने भएकाले विपद्सँग सामना गर्न पूर्वतयारी तथा उत्थानशील योजना नभई हुन्न । विपद् जोखिम तथा जलवायु उत्थानशील योजनालाई पालिकाको नीति तथा कार्यक्रममा समावेश गरी सर्वप्रथम सङ्कटासन्न क्षेत्र समुदाय पहिचान गरी सोही बमोजिम स्थानीय स्रोत र साधनलाई अधिकतम् परिचालन गर्नुपर्छ ।

स्रोत र साधन परिचालन गर्दा विशेष गरी जोखिममा रहेका वर्ग क्षेत्र, समुदायको समान पहुचँ, अर्थपूर्ण सहभागिता र स्वामित्व स्थापना हुने गरी गरिनुपर्छ । सोही कुरालाई आत्मसात गर्दै नेपाल सरकारले जारी गरेका विभिन्न नीति, कानुन, प्रतिबद्ता र मार्गदर्शनलाई आधार बनाई स्थानीय सरकार ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी कटहरिया नगरपालिकाले स्थानीय विपद् ता जलवायु उत्थानशील योजना तर्जुमा गरेको हो ।

अन्त्यमा, सबै शुभेच्छुक, सहयोगी र जनप्रतिनिधिहरुको सहयोगमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना बमोजिम आगामी नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयका लागि प्रतिबद्ता व्यक्त गर्छु । धन्यवाद ।

नि .प्रमुख प्रशासकीय अधिकृत

## शब्दसङ्क्षेप

| | |
|---|---|
| केदैप्रउस | केन्द्रीय दैवी प्रकोप उद्धार समिति |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| न.पा | नगरपालिका |
| गा.पा | नगरपालिका |
| नविव्यस | नगर स्तरीय विपद् व्यवस्थापन समिति |
| स्थाविव्यस | स्थानिय विपद् व्यवस्थापन समिति |
| अ/गैसस | राष्ट्रिय तथा अन्तर्राष्ट्रय गैरसरकारी संस्था |
| जमौविवि | जल तथा मौसम विज्ञान विभाग |
| जिसस | जिल्ला समन्वय समिति |
| जिदैप्रउस | जिल्ला दैवी प्रकोप उद्धार समिति |
| जिकृविका | जिल्ला कृषि विकास कार्यालय |
| जिप्राका | जिल्ल प्राविधिक कार्यालय |
| जिशिअ | जिल्ला शिक्षा अधिकारी |
| जिशिका | जिल्ला शिक्षा कार्यालय |
| जिस्वाका | जिल्ला स्वास्थ्य कार्यालय |
| जिजस्वाका | जिल्ला जनस्वास्थ्य कार्यालय |
| जिपसेका | जिल्ला पशु सेवा कार्यालय |
| जुरेस | जुनियर रेडक्रस सर्कल |
| नेरेसो | नेपाल रेडक्रस सोसाइटी |
| नेसे | नेपाली सेना |
| मविअ | महिला विकास अधिकृत |
| मविका | महिला विकास कार्यालय |
| शप्रब | शसस्त्र प्रहरी बल |
| स्थाविअ | स्थानीय विकास अधिकारी |
| संरासंविका | संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम |
| साप्रव्यस | सामुदायिक प्रकोप व्यवस्थापन समिति |

## विपद् व्यवस्थापनमा प्रयोग हुने केही महत्त्वपूर्ण शब्दावली

| नेपाली शब्द | अङ्ग्रेजी शब्द |
|---|---|
| अनुकुलन | Adaptation |
| भवन निर्माण संहिता | Building Code |
| क्षमता | Capacity |
| क्षमता विकास | Capacity Building |
| जलवायु परिवर्तन | Climate Change |
| सामना क्षमता | Coping Management |
| विपद् | Disaster |
| विपद् जोखिम | Disaster Risk |
| विपद् व्यवस्थापन | Disaster Management |
| पूर्वचेतावनी प्रणाली | Early Warning System |
| आपतकालीन व्यवस्थापन | Emergency Management |
| वातावरणीय ह्रास | Environmental Degradation |
| सम्मुखता | Exposure |
| पूर्वानुमान | Forecast |
| भौगर्भिक प्रकोप | Geological Hazard |
| प्रकोप | Hazard |
| अल्पीकरण | Mitigation |
| पूर्वतयारी | Preparedness |
| रोकथाम | Prevention |
| पुर्नलाभ | Recovery |
| उत्थानशिल | Resilience |
| प्रतिकार्य | Response |
| प्रवलीकरण | Retrofitting |
| जोखिम | Risk |
| जोखिम विश्लेषण | Risk Assessment |
| जोखिम व्यवस्थापन | Risk Management |
| जोखिम स्थानान्तरण | Risk Transfer |
| सङ्कटासन्न | Vulnerable |
| सङ्कटासन्नता | Vulnerability |

## विपद् व्यवस्थापनमा प्रयोग हुने शब्दावलीहरु

**१. प्रकोप (Hazard)**

जनधनको क्षति हुने सम्भावना भएका खतरायुक्त घटनाहरुलाई प्रकोप भन्न सकिन्छ। प्रकोपहरु प्राकृतिक र मानव निर्मित दुवै हुन सक्छन।प्राकृतिक प्रकोपहरुमा भूकम्प, बाढी, खडेरी, गर्मी लहर, चिसो लहर, असिना, हिमपात, चट्टाङ, हावा/हुरी र अन्य पर्दछन भने महामारी, दुर्घटना, पशु घटना, अनिकाल, आगो (घरेलु/जङ्गली), सर्पको टोकाइ, जनावर र बर्ड फ्लू, र प्रदूषण जस्ता प्रकोपहरु मानव सिर्जित हुन्छन।

**२. विपद् (Disaster)**

प्राकृतिक वा गैर–प्राकृतिक प्रकोप जसले कुनै पनि स्थानमा खतरापूर्ण अवस्था निम्त्याइ जीविकोपार्जन र वातावरणमा गम्भीर असर पारेको हुन्छ भने त्यस्तो परिस्थितिलाई विपद् भनिन्छ (MoHA,2017)। विपद् चाँही प्रकोप पछिको प्ररिस्थिति हो जहाँ व्यक्तिगत वा/र पारिवारिक वा/र सामाजिक वा/र सरकारी सेवा प्रभाव गर्ने पद्धतीमा प्रतिकुल असर परेको हुन्छ ।त्यस्तो विपत्तिपूर्ण परिस्थितिमा धेरैजसो जनजीवन अकस्मात अस्तव्यस्त हुन पुग्दछ।

**३. जोखिम (Risk)**

जोखिम भनेको मानव वा पारिस्थितिक प्रणालीहरूको लागि प्रतिकूल परिणामहरूको सम्भाव्यता हो, जसलाई प्रकोपको मात्रा, संकटासन्नताको अवस्था र तत्अवस्थासंग जुध्ने क्षमताले प्रभाव पर्दछ।यस अर्थमा विपद् जोखिम आकलनले भविष्यमा हुनसक्ने प्रतिकूल प्रभावहरूको सम्भावनालाई जनाउँछ। जलवायु परिवर्तनको सन्दर्भमा जोखिमलाई मानव वा पारिस्थितिक प्रणालीहरूको लागि प्रतिकूल परिणामहरूको सम्भाव्यताको रुपमा अर्थ्याउन सकिन्छ (IPPC, २०२०)।

**4. संकटासन्नता (Vulnerability)**

संकटासन्नता भनेको प्रकोप प्रक्ष्यात् प्रतिकूल रूपमा प्रभावित हुने प्रवृत्ति वा पूर्वस्थिति हो, जसलाई प्रकोप संवेदनशीलता वा हानिको संभावना र त्यसलाई सामना गर्ने वा अनुकूलन गर्ने क्षमताको मात्रा आदि तत्वहरूले निर्धारण गर्दछ (IPPC, २०२२)।

**५. क्षमता (Capacity)**

क्षमता भन्नाले विपद् जोखिम व्यवस्थापन गरि खतरा कम गर्ने वा अनुकुलतालाई बलियो बनाउन व्यक्ति, पारिवारिक देखि समुदाय, संस्था वा समाज सम्ममा उपलब्ध सबै शक्ति, विशेषता र स्रोतहरू को संयोजनलाई जनाउँछ (UNDRR, २०२२)।भौतिक, सामाजिक, र सास्कृतिक पूर्वाधार र संरचनाहरु देखि लिएर सामाजिक सम्बन्ध/पहुँच/ नेतृत्व र व्यवस्थापन

जस्ता सामूहिक विशेषता/ ज्ञान/ सीपहरूले विपद् जोखिमसंग जुद्धने क्षमतालाई निर्धारण गर्दछ।

**६. जलवायु परिवर्तन (Climate Change)**

जलवायु परिवर्तन भन्नाले समयसँगै जलवायुको स्थितिमा भएको परिवर्तनलाई जनाउँछ, जसको कारण प्राकृतिक परिवर्तनशीलता वा मानव गतिविधि वा दुवै हुन सक्दछन (UNFCCC, २०११)।यस प्रतक्ष्य सरोकार हावा, पानी र तापक्रममा आउने परिवर्तन अलि बढी हुन्छ।पानी पर्ने समयमा परिवर्तन हुनु, निरन्ता अतिवृष्टि हुनु वा खण्डवृष्टि हुनु, लामो समयसम्म खडेरी पर्नु, वायुको आद्रतामा न्युनता आउनु वा वृद्दि हुनु, निरन्ता तापक्रम बढ्दै जानु र मौसममा अनपेक्षित विचलन देखिनुलाई नै वैज्ञानिकहरुले जलवायु परिवर्तन मानेका छन्। अथवा दशकौँ वा त्यो भन्दा लामो अवधिसम्म कायम जलवायुको अवस्थामा प्राकृतिक वा मानवीय कारणले हुने परिवर्तन हो।

**७. अनुकुलता (Adaptation)**

मानवीय प्रणालीहरूमा अनुकूलनलाई वास्तविक वा अपेक्षित जलवायु र त्यसका प्रभावहरूलाई मध्यस्थ हानि वा लाभदायक अवसरहरूको फाइदा लिनको लागि समायोजन गर्ने प्रक्रियाको रूपमा परिभाषित गर्न सकिन्छ (IPPC, २०२२)।

**८. रोकथाम ( Prevention)**

रोकथाम भनेको विद्यमान र नयाँ प्रकोप जोखिमहरूबाट बच्नका लागि गरिने गतिविधिहरू र उपायहरू हुन्।कुनै-कुनै जोखिम पूर्णरुपमा हटाउन नसक्ने हुँदा, रोकथामले क्षेति कम गर्नकालागि मद्धत गर्दछ।

**९. अल्पिकरण (Mitigation)**

प्रकोपको असर वा प्रभावलाई कम गर्नका लागि सञ्चालन गरिने कार्य वा ऊपायहरुलाई बुझिन्छ। प्राय प्राकृतिक प्रकोपहरू पूर्ण रूपमा रोक्न सकिँदैन, तर तिनीहरूको मात्रा वा गम्भीरतालाई विभिन्न रणनीति र कार्यहरूद्वारा कम गर्न सकिन्छ। न्यूनीकरण उपायहरूमा ईन्जिनियरिङ् प्रविधिहरू र जोखिम-प्रतिरोधी निर्माणका साथै सुधारिएको वातावरणीय र सामाजिक नीतिहरू र जनचेतना समावेश छन्।

**१०. विपद् पूर्वतयारी (Preparedness)**

सम्भावित, आसन्न वा वर्तमान प्रकोपहरूको प्रभावकारी रूपमा पूर्वानुमान, रोकथाम र असर नयूनीकरणका साथै विपद् परिरहँदा र परिसकेपछि यसबाट उत्पन्न परिस्थितिको सामना गर्नका लागि पहिले नै तयार भएर बस्नुलाई बुझिन्छ। विपद् पूर्वतयारी ठोस विश्लेषणमा आधारित हुनु

पर्दछ, जसमा आकस्मिक योजना, उपकरण र आपूर्तिको भण्डारण, समन्वय, निकासी र सार्वजनिक सूचनाको व्यवस्थाको विकास, र सम्बन्धित प्रशिक्षण र पुर्व अभ्यास जस्ता गतिविधिहरू समावेश हुनु पर्दछ।

### 11. **पूर्व सूचना प्रणाली (Early Warning System)**

जोखिम मूल्याङ्कन, अनुगमन, पूर्वानुमान, भविष्यवाणी र सञ्चार क्षमताहरुको सँगालो जसले जोखिममा रहेका मानिसहरुलाई समयमै खबर आदान–प्रदान गर्दै सुरक्षित स्थानमा पुग्न मद्धत गर्दछ।

### १२. **प्रतिकार्य (Response)**

विपद्को घटनाको बेला वा त्यसपश्चात् तत्कालै जीवन रक्षा गर्ने उद्दारजस्तो आपत्कालीन सेवा र नागरिक सहयोग, स्वास्थ्यसम्बन्धी असरहरु न्यून गर्ने, आम नागरिकको सुरक्षा सुनिश्चत गर्ने तथा प्रभावित व्यक्तिहरुका आधारभूत जीविकोपार्जन खाँचोहरु परिपूर्ति गर्ने प्रयोजनका लागि गरिने प्रावधानहरु नै प्रतिकार्य हो।प्रकोप प्रतिकार्य मुख्यतया तत्काल र अल्पकालीन आवश्यकताहरूमा केन्द्रित हुने भएकोले चलनचल्तीको भाषामा राहत पनि भनिन्छ।

### १३. **खोज ता उद्दार (Search and Rescue)**

भत्किएका संरचनाहरुमा पुरिएका वा जमिनमा च्यापिएका वा बाढीले बगाएका वा डुबाएका वा अन्य प्रकोपले घाईते बनाएका व्यक्तिहरुलाई खोजी गरेर पत्ता लगाई उनीहरुको जीवन रक्षाको लागि पुरिएका ठाउँबाट सुरक्षित साथ सुरक्षित स्थानमा ल्याइने कार्यलाई नै खोज तथा उद्दार भनिन्छ। यस कार्यमा प्रभावितहरुलाई प्राथमिक उपचार साथसाथै आवश्यकता अनुसार अग्रवर्ति उपचारको समेत व्यवस्था गर्नुपर्ने हुन्छ।

### 14. **राहत (Relief)**

विपदबाट प्रभावित भएकाहरुको लागि आधारभूत आवश्यकता (खाधान्न, लत्ताकपडा, पानी, प्राथमिक उपचार, स्वास्थ्य सेवा, बसोबास, सुरक्षा, मनोसामाजिक परामर्श सेवा) उपलब्ध गराउनुलाई राहत भनिन्छ।

### 15. **प्रत्युब्लब्धि वा पुर्नलाभ (Recovery)**

विपदबाट प्रभावित व्यक्ति वा समुदायलाई विपद् आउनु भन्दा अगाडि जस्तै सामान्य अवस्थामा ल्याउन गरिने पुर्नस्थापन र पुननिर्माण जस्ता गतिविधिहरुलाई पुर्नलाभ भनिन्छ।

### 16. **पुनः स्थापना (Rehabilitation)**

विपद्को घटनाका कारण मानव समुदाय विस्थापित हुन सक्दछ। यसरी विस्थापित भएका परिवारको उचित स्थान हेरी तत्काल अस्थायी बसोबासको व्यवस्था मिलाउनुलाई पुनःस्थापना

भनिन्छ। आपत्कालिन सामान्य नहुँदा सम्मको संक्रमणकालिन अवस्थामा प्रकोपको कारण विस्थापितहरुलाई अस्थायी बसोबास गराउने कार्य हो।

**१६. पुर्ननिर्माण (Reconstruction)**

विपद् प्रभावितहरुको लागि घर निर्माण वा मर्मत, अत्यावश्यक सेवा सुविधाका संरचना र सामाजिक तथा आर्थिक गतिविधिहरुको स्थायी समाधानका लागि गरिने विकासका कार्य नै पुर्ननिर्माण हो। यस अन्तर्गत भत्केका घर तथा अन्य संरचनाको निर्माण वा मर्मतसम्भार गर्दा भविष्यमा पर्न सक्ने प्रकोपलाई समेत ध्यानमा राखी निर्माण कार्य गरिन्छ र अवरुद्ध भएका सामाजिक तथा आर्थिक अवस्थामा समेत सुधार गर्ने प्रयास गर्ने गतिविधिहरु सञ्चालन गरिन्छ।

**१७. उत्थान्शील (Resilience)**

समयमै विपतको प्रभावलाई प्रतिरोध/ अनुकूलन/ रूपान्तरण/ पुन: प्राप्ति गर्ने समुदाय वा समाजको र प्रणालीको क्षमतालाई उत्थान्शीलता भनिन्छ।

# विषय सुची

1.1 नगरपालिकाको संक्षिप्त परिचय ........ 1

1.1.1 नगरपालिकाको परिचय ........ 1

1.1.2 जनसंख्या तथा घरधुरी ........ 5

1.2 योजनाको परिचय ........ 11

1.2.1 योजनाको पृष्ठभूमि ........ 11

1.2.2 योजनाको उद्देश्य ........ 13

1.2.3 योजनाको आवश्यकता र महत्व ........ 14

1.2.4 योजनाको सिमा ........ 14

1.2.5 योजना निर्माण प्रक्रिया र विधि ........ 15

1.2.6 योजना कार्यान्वयन रणनीति ........ 19

2.1 प्रकोपको विश्लेषण ........ 21

2.1.1 मौषमी, वाली र प्रकोप पात्रो ........ 21

2.1.2 सहभागिता मुलुक प्रकोपको पहिचान तथा स्तरीकरण ........ 23

2.1.3 प्रकोपको ऐतिहासिकता र क्षेतिको विवरण ........ 25

2.1.4 नगरपालिकाको संकटासन्नता तथा क्षमता विश्लेषण ........ 29

2.2 जोखिम मूल्यांकन ........ 31

2.2.1 प्रमुख प्रकोपहरुको जोखिम विश्लेषण र भौगोलिक वितरण ........ 31

2.2.2 प्रकोप जोखिम निवारण/न्युनिकरणका उपायहरु ........ 41

3.1 विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी, रोकथाम, अल्पिकरण र अनुकूलनका योजनाहरु ........ 48

3.1.1 नीतिगत व्यवस्था तथा निर्णय ........ 48

3.1.2 जनचेतना तथा क्षमता अभिवृद्धि ........ 49

3.1.3 जोखिम न्यूनीकरण ........ 53

3.1.4 आपतकालीन पूर्वतयारी ........ 59

3.2 विपद्को समयका प्रतिकार्यका क्रियाकलापहरु ........ 65

3.3 विपद् पश्चातका क्रियाकलापहरु ........ 70

4.1 स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको अनुगमन, मूल्याङ्कन ..... 73

4.2 योजनाको अध्यावधिकता ..... 74

5.1 निष्कर्ष ..... 75

**अनुसूचीः १ नगर विपद् व्यवस्थापन समिति तथा उपसमितिहरु ..... 76**

**अनुसूची २: स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार ..... 78**

**अनुसुची ३: उपसमितिहरुको काम, कर्तव्य तथा अधिकार ..... 79**

**अनुसुची ४: कार्यक्रमको केहि झलक ..... 84**

## तालिका

तालिका 1: कटहरिया नगरपालिकाको प्रशासनिक विभाजन ..... १

तालिका 2: भूमिको उपयोगको आधारमा क्षेत्रफल ..... ३

तालिका 3: वडाअनुसार परिवार तथा जनसङ्ख्या वितरण ..... ६

तालिका 4: उमेर समुह अनुसार जनसङ्ख्या वितरण ..... ६

तालिका 5: जातजातिको आधारमा जनसङ्ख्या वितरण ..... ८

तालिका 6: अपाङ्गता भएका व्यक्तिको विवरण ..... ९

तालिका 7: खानेपानीको श्रोतअनुसार घरधुरी संख्या ..... ९

तालिका 8: खाना पकाउने इन्धनको किसिमअनुसार घरधुरी संख्या ..... १०

तालिका 9: शौचालयको किसिमानुसार घरधुरी संख्या ..... १०

तालिका 10: मौसमी पात्रो ..... २१

तालिका 11: बाली पात्रो ..... २२

तालिका 12: प्रकोप पात्रो ..... २३

तालिका 13: नगर प्रकोप स्तरीकरण ..... २४

तालिका 14: वडास्तरीय प्रकोप स्तरीकरण ..... २५

तालिका 15: विगत २० वर्षमा विपदवाट भएको क्षेति विवरण ..... २६

तालिका 16: प्रकोप संकटासन्नता तथा क्षमता ..... २९

तालिका 17: घरको बनोटको आधारमा भुकम्पिय जोखिम ........ 39
तालिका 18: प्रकोप जोखिमका करण र सम्भावित प्रभावहरु ........ 42
तालिका 19: प्रकोप समाधानको उपायहरु ........ 44
तालिका 20: जनचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रमहरु ........ 50
तालिका 21: जोखिम न्यूनीकरणका कार्यक्रमहरु ........ 53
तालिका 22: आपतकालीन पूर्वतयारीका कार्यक्रमहरु ........ 60
तालिका 23: विपद्को समयका प्रतिकार्यका कार्यक्रमहरु ........ 66
तालिका 23: विपद् पश्चातका क्रियाकलापहरु ........ 71

## चित्र

चित्र 1: कटहरिया नगरपालिकाको अवस्थिति ........ 2
चित्र 2: कटहरिया नगरपालिकाको भू–उपयोग ........ 4
चित्र 3: कटहरिया नगरपालिकाको जनसंख्या पिरामिड ........ 8
चित्र 4: रौतहट जिल्लाको तापक्रम र वर्षातको प्रक्षेपण ........ 12
चित्र 5: महिनावारी वर्षाको विवरण ........ 13
चित्र 5: स्थानीय विपद तथा जलावायु उत्थानशिल योजना तर्जुमा प्रक्रिया ........ 16
चित्र 7: विपद ब्यवस्थापन चक्र ........ 19
चित्र 8: खोला धार परिवर्तनको नमुना,हर्षहा, लालबकैया खोला ........ 32
चित्र 9: विगत ३० वर्षमा खोला धार परिवर्तनको, लालबकैया खोला ........ 33
चित्र 10: बाढी सम्बेदनशिलता, कटहरिया नगरपालिका ........ 34
चित्र 11: आगलागीको जोखिमको विवरण ........ 36
चित्र 12: शीतलहरको संबेदनशीलताको विवरण ........ 37
चित्र 13: गर्मीलहरको संबेदनशीलताको विवरण ........ 37
चित्र 14: हावा/हुरीको संबेदनशीलता ........ 38
चित्र 15: हावा/हुरीको जोखिम ........ 38
चित्र 16: भुकम्पिय संबेदनशीलता ........ 39
चित्र 17: प्रदुषणको दृष्टिकोणले सम्बेदनशिलता ........ 41

# खण्ड १: प्रारम्भिक परिचय

## 1.1 नगरपालिकाको संक्षिप्त परिचय

### 1.1.1 नगरपालिकाको परिचय

कटहरिया नगरपालिका भौगोलिक अवस्थितिका हिसाबले मधेश प्रदेश अन्तरगत रहेको रौतहट जिल्लाको मध्य भाग तिर अवस्थित छ।यस जिल्लामा १८ वटा नगरपालिका र २ वटा गाउँपालिका रहेका छन्। कटहरिया नगरपालिका १८ वटा नगरपालिका मध्यको तराई विशेषता बोकेको नगरपालिका हो। यो नगरपालिका समुन्द्र सतह देखि ८४ मिटर देखि ११७ मिटर सम्मको उचाईमा रहेको छ। यो नगरपालिका २७ डिग्री ०३ मिनेट २०.१९ सेकेन्ड देखि २६ डिग्री ५७ मिनेट ०.१६ सेकेन्ड उत्तरी अंक्षाश र ८५ डिग्री १७ मिनेट १३.३१ सेकेन्ड देखि ८५ डिग्री १२ मिनेट ४१.८ सेकेन्ड पुर्वी देशान्तरमा फैलिएको छ। यस नगरपालिकाको पूर्वमा गुजरा नगरपालिका, वृन्दावन नगरपालिका, गरुडा नगरपालिका रहेको छ भने पश्चिममा फतुवा विजयपुर नगरपालिका र मौलापुर गाउँपालिका पर्दछ। साथै उत्तरमा गुजरा नगरपालिका पर्दछ भने दक्षिणमा देवहीगोनही नगरपालिका र मौलापुर नगरपालिका पर्दछ (चित्र 1)। यस नगरपालिकाको कुल क्षेत्रफल ४०.६९ वर्ग कि. मि. रहेको छ। साबिकको ६ वटा गाबिसहरु भसेढवा, हथियाही, बिर्ति प्रस्टोका, कटहरिया, बगही र पिपरा पोखरीया मिलेर बनेको यो नगरपालिकामा हाल ९ वटा वडा रहेका छन् (तालिका 1)।

तालिका 1: कटहरिया नगरपालिकाको प्रशासनिक विभाजन

| **वडा नं.** | **समाबेश गरिएका साबिक गाबिस** | **साबिक वडा नं.** | **क्षेत्रफल (वर्ग कि. मि.)** |
|---|---|---|---|
| १ | भसेढवा | १–९ | ८.३२ |
| २ | हथियाही | १–९ | ६.५३ |
| ३ | बिर्ति प्रस्टोका | १–९ | ५.९५ |
| ४ | कटहरिया | १,२,३,७ | ५.०४ |
| ५ | कटहरिया | ४,५,६,८,९ | २.५६ |
| ६ | बगही | १–४ | ४.३५ |
| ७ | बगही | ५–९ | १.०६ |
| ८ | पिपरा पोखरीया | १–५ | ५.०६ |
| ९ | पिपरा पोखरीया | ६–९ | १.८२ |
| | **जम्मा** | | **४०.६९** |




चित्र 1: कटहरिया नगरपालिकाको अवस्थिति

#### *1.1.1.1* **भूउपयोग**

यस नगरको ८३.०३% भू–भाग खेति गरिएको छ भने ५.४% क्षेत्र आवास क्षेत्रको रुपमा प्रयोग गरिएको छ (तालिका 2)।यहाँका कृषकले ०.५६% भूभागमा माछा पालन गरेका छन् भने २.२१% क्षेत्रमा बगैंचा छ।वनले चाँही मात्र ०.१ % भूभाग ओगटेको छ र भएको वन पनि नदी तटीय क्षेत्रमा पर्दछन्।पछिल्लो दशकमा यस नगरमा सहरीकरण बढ्दै छ, जसले गर्दा कटहरी बजार सेरोफेरोमा आवास क्षेत्र वृद्धि हुँदै छ।




तालिका 2: भूमिको उपयोगको आधारमा क्षेत्रफल

| **भूउपयोग** | **क्षेत्रफल (वर्ग कि.मि)** | **प्रतिसत (%)** |
|---|---|---|
| आवास क्षेत्र | 2.203 | 5.40 |
| उद्योग | 0.357 | 0.88 |
| खेति भुमि | 33.903 | 83.03 |
| घाँसे मैदान | 0.206 | 0.51 |
| धार्मिक/सास्कृतिक/पुरातात्विक क्षेत्र | 0.018 | 0.04 |
| नदी/नाला | 2.217 | 5.43 |
| पोखरी/माछा पालन | 0.228 | 0.56 |
| बगैंचा | 0.902 | 2.21 |
| व्यवससायिक क्षेत्र | 0.030 | 0.07 |
| वन | 0.043 | 0.10 |
| सार्वजनिक क्षेत्र | 0.725 | 1.78 |




चित्र 2: कटहरिया नगरपालिकाको भू-उपयोग

#### 1.1.1.2 आर्थिक स्थिति

नगरपालिकाको अर्थतन्त्र व्यापक रूपमा कृषिमा आधारित र यहाँका ८५ प्रतिशत भन्दा धेरै घरपरिवार कृषिमै संलग्न रहेका छन्।तथापी अधिकांश घरपरिवारहरू एकभन्दा बढी पेशामा निर्भर छन्। यस नगरको मुख्य बजार कटहरिया बजार हो, जुन तरकारी र गाईवस्तु बजारका लागि प्रख्यात छ। यस नगर तरकारी उत्पादनको लागि प्रशिद्ध भएपनि पछिल्लो दशकमा मच्यापलन पर्ती आकर्षण बढेको देखिन्छ।यस नगर भित्र रहेका फलफुलका बाघवानीहरु देशैभरि ख्याती प्राप्त गरेका छन् ।

#### 1.1.1.3 सामाजिक- साँस्कृतिक अवस्था

जातिगत रुपमा हेर्दा यस नगरपालिकामा यादव जातिको बाहुलियता रहेको छ भने मुस्लिम समुदाय दोस्रो स्थानमा रहेको छ। यसैगरी मधेसी जातहरु- शाह, महत्तो, तत्मा, कुसवाहा, तेली, सोनार, कलवार, कानु, काठबनिँयान, लोहार, नुनिँया, मुसहर, धोबि, मलाहा, हजाम, कुर्मि, कुमहर, पासवन आदि र पहाडी जातहरु- ब्राहमण, क्षेत्री, नेवार, मगर, तामाङ जातीका समुदायहरुको समेत बसोबास यो क्षेत्रमा रहेको छ।

#### 1.1.1.4 यातायात र पहुच

यस नगर सडक पूर्वाधारले राम्रै संग जोडिएको छ।माल्टा-कटहरिया सडक खण्डले यस नगरलाई पुर्व-पश्चिम राजमार्ग हुँदै देशको अन्य भूगोलसंग जोडेको छ भने कटहरिया देखि गरुडा हुँदै चन्द्रनिगाहपुर भएरपनि राजमार्ग पुग्न सकिन्छ।यो जिल्ला सदरमुकाम गौरबाट पनि सडकले जोडिएको छ। मुख्य सडक बजार हुँदै जान्छ जुन कालोपत्रे नै छ जहाँबाट सबै जसो वस्तीहरुमा सडक संजाल विस्तार छन् । यहाँ ढुवानीको माध्यम रुपमा स्थानीय बस, माइक्रो बस, सुमो, रिक्शा र इलेक्ट्रिक सफारीप्रा आदि प्रयोग गरिन्छ। यस नगरको निकटतम विमानस्थल ९८ किलोमिटर दुरीमा बारा जिल्लाको सिमरा पर्दछ, जहाँवाट दैनिक काठमाडौंबाट उडान भइरहेका छन्। दिन र रातको बस सेवाहरूले काठमाडौं र देशका अन्य प्रमुख शहरहरूसंग सजिलैसँग पहुच स्थापित गरिदिएको छ ।

### 1.1.2 जनसंख्या तथा घरधुरी

यस परिच्छेदमा नगरपालिकाको जनसांख्यिक अवस्थासँग सम्बन्धित वस्ती, घरधुरीको विवरण, जनसंख्याको बनौट, संरचना तथा वितरण जस्ता विषयहरु समाविष्ट रहेका छन्।

#### 1.1.2.1 जनसंख्या वितरणको अवस्था

यस नगरपालिकाको कूल जनसङ्ख्या ४६२५८ रहेको छ जसमध्ये पुरुष र महिलाको सङ्ख्या क्रमशः २३१४३ (५०.०३%) र २३११५ (४९.९७%) रहेको छ (तालिका ३)। साथै यस नगरपालिकाको

कुल घरपरिवार सङ्ख्या ८६५३ रहेको छ। यस नगरपालिकामा पुरुष (२३१४३) भन्दा महिलाको जनसङ्ख्या (२३११५) भन्दा कम रहेको पाईन्छ। वडागत रुपले हेर्दा सबैभन्दा उच्च जनसङ्ख्या वडा नं. १ (७९६५) मा रहेको छ भने कम जनसङ्ख्या वडा नं. 6 र ७ (३३५०) मा रहेको छ।

तालिका 3: वडाअनुसार परिवार तथा जनसङ्ख्या वितरण

| वडा नं. | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | १६९५ | ४०१५ | ३९५० | ७९६५ |
| २ | १३५५ | ३३७३ | ३४२० | ६७९३ |
| ३ | ७४९ | १९१० | १८५५ | ३७६५ |
| ४ | ५७५ | २४४५ | २३९० | ४८३५ |
| ५ | १३०० | ३१०० | ३०५० | ६१५० |
| ६ | ५१० | १७०० | १६५० | ३३५० |
| ७ | ८४४ | १६६० | १६९० | ३३५० |
| ८ | ७६१ | १८९० | १८६० | ३७५० |
| ९ | ८६४ | ३०५० | ३२५० | ६३०० |
| **जम्मा** | **८६५३** | **२३१४३** | **२३११५** | **४६२५८** |

श्रोत: वस्ती सर्वेक्षण, २०७९

### *1.1.2.2* उमेर तथा लिंगको आधारमा जनसङ्ख्या वितरण

यस नगरपालिकाको जनसङ्ख्यालाई उमेरको आधारमा वर्गीकरण गर्दा सबैभन्दा बढी जनसङ्ख्या ५-९ वर्ष (६१६५) उमेर समुहको रहेको पाईएको छ भने दोस्रो स्थानमा १०–१४ वर्ष (५३४९) उमेर समुह पर्दछ। त्यस्तै सबैभन्दा न्युन जनसङ्ख्या ७५ वर्ष भन्दा माथी (५३०) उमेर समुहको रहेको छ भने दोस्रो स्थानमा ७० -७४ वर्ष (५७४) उमेर समुह पर्दछ। उमेरको आधारमा हेर्दा दक्ष जनशक्तिले (१५– ५९ वर्ष) कुल जनसङ्ख्याको ५०.२०% ओगट्दछ भने १५ वर्ष भन्दा मुनिको बालबालिकाको सङ्ख्या र ६० वर्ष भन्दा माथिको जनसङ्ख्याले क्रमशः ४२.१४% र ७.६६% ओगट्दछ (**तालिका 4**)।

तालिका 4: उमेर समुह अनुसार जनसङ्ख्या वितरण

| उमेर समुह | पुरुषको जनसङ्ख्या | प्रतिशत | महिलाको जनसङ्ख्या | प्रतिशत | कुल जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 0-4 वर्ष | 2483 | 12.51 | 2290 | 12.33 | 4773 | 12.43 |
| 5-9 वर्ष | 3144 | 15.84 | 3021 | 16.27 | 6165 | 16.05 |
| 10-14 वर्ष | 2744 | 13.83 | 2505 | 13.49 | 5249 | 13.66 |
| 15-19 वर्ष | 1817 | 9.17 | 1542 | 8.30 | 3359 | 8.74 |
| 20-24 वर्ष | 1325 | 6.68 | 1361 | 7.33 | 2686 | 6.99 |
| 25-29 वर्ष | 1391 | 7.01 | 1393 | 7.50 | 2784 | 7.26 |
| 30-34 वर्ष | 1235 | 6.23 | 1323 | 7.12 | 2558 | 6.66 |
| 35-39 वर्ष | 1263 | 6.34 | 1117 | 6.02 | 2380 | 6.19 |
| 40-44 वर्ष | 999 | 5.03 | 897 | 4.83 | 1896 | 4.94 |
| 45-49 वर्ष | 802 | 4.05 | 662 | 3.58 | 1464 | 3.82 |
| 50-54 वर्ष | 623 | 3.14 | 507 | 2.73 | 1130 | 2.94 |
| 55-59 वर्ष | 515 | 2.59 | 511 | 2.75 | 1026 | 2.67 |
| 60-64 वर्ष | 521 | 2.64 | 520 | 2.80 | 1041 | 2.71 |
| 65-69 वर्ष | 435 | 2.19 | 362 | 1.95 | 797 | 2.07 |
| 70-74 वर्ष | 288 | 1.45 | 286 | 1.54 | 574 | 1.49 |
| >=७५ वर्ष | 258 | 1.30 | 272 | 1.46 | 530 | 1.38 |
| **जम्मा** | **19843** | **100** | **18569** | **100** | **38412** | **100** |

**(स्रोतः केन्दीय तथ्याङ्क विभाग, २०68)**

विपद्को समयमा सबैभन्दा धैरै बालबालिका, किशोर- किशोरी र ज्येष्ठ नागरिकहरु जोखिम र सङ्कटासन्न अवस्थामा हुन्छन्। सोही अनुरुप विश्लेषण गर्दा नगरपालिकामा उमेरअनुसारको सङ्कटासन्न जनसङ्ख्या ४९.७९% रहेको छ जसमा १५ वर्ष भन्दा मुनिको बालबालिकाको सङ्ख्या र ६० वर्ष भन्दा माथिको जनसङ्ख्या समावेश गरिएको छ।




चित्र 3: कटहरिया नगरपालिकाको जनसंख्या पिरामिड

### *1.1.2.3* जातजातिको आधारमा जनसङ्ख्या वितरण

यस नगरपालिकामा मधेशी जातिको (६६.९९%) बाहुल्यता रहेको छ भने दलित समुदाय (१७.९०%) दोस्रो स्थानमा पर्दछ। त्यसैगरी सबैभन्दा न्यून जनसङ्ख्या क्षेत्रीको (०.०८%) रहेको छ (तालिका 5)। यँहा मधेसी जातीहरु– शाह, महत्तो, तत्मा, कुसवाहा, तेली, सोनार, कलवार, कानु, काठबनिँयान, लोहार, नुनिँया, मुसहर, धोबि, मलाहा, हजाम, कुर्मि, कुमहर, पासवन आदि र पहाडी जातहरु– ब्राहमण, क्षेत्री, नेवार, मगर, तामाङ जातीका समुदायहरुको समेत बसोबास यो क्षेत्रमा रहेको छ।

तालिका 5: जातजातिको आधारमा जनसङ्ख्या वितरण

| **क्र.स.** | **जातजातिको प्रकार** | **कुल जनसङ्ख्या** | **प्रतिशत (%)** |
|---|---|---|---|
| १ | जनजाति | ६३५ | १.३७ |
| 2 | दलित | ८२८० | १७.९० |
| 3 | बाहृमण | ४९३ | १.०७ |
| 4 | क्षेत्री | ३५ | ०.०८ |
| 5 | मधेशी | ३०९८७ | ६६.९९ |
| 6 | मुस्लिम | ५८२८ | १२.५९ |
| | **जम्मा** | **४६२५८** | **१००** |
| श्रोत: वस्ती सर्वेक्षण, २०७९ | | | |

### 1.1.2.4 अपाङ्गताको आधारमा जनसङ्ख्या वितरण

यस नगरपालिकामा रहेका अपाङ्गता भएका व्यक्तिमध्ये सबैभन्दा बढी शारीरिक अपाङ्गता भएका व्यक्ति (४२.५३%) रहेका छन्। अपाङ्गताका हिसाबले यो नगरपालिकाको कुल जनसङ्ख्याको १.३८% हिस्सा सङ्कटासन्न अवस्थामा रहेका छन्।

तालिका 6: अपाङ्गता भएका व्यक्तिको विवरण

| क्र.स. | अपाङ्गताको प्रकार | जम्मा | प्रतिशत (%) |
|---|---|---|---|
| १ | शारीरिक अपाङ्गता भएका व्यक्ति | 225 | 42.53 |
| २ | दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्ति | 104 | 19.66 |
| ३ | श्रवणसम्बन्धी अपाङ्गता भएका व्यक्ति | 56 | 10.59 |
| ४ | श्रवण र दृष्टि सम्बन्धी अपाङ्गता भएका व्यक्ति | 9 | 1.70 |
| ५ | स्वर बोलाइसम्बन्धी अपाङ्गता भएका व्यक्ति | 74 | 13.99 |
| ६ | मानसिक अपाङ्गता | 26 | 4.91 |
| ७ | बौद्दिक अपाङ्गता | 9 | 1.70 |
| 8 | बहु अपाङ्गता | 26 | 4.91 |
| | **जम्मा** | **529** | **१००** |

**(स्रोतः केन्दीय तथ्याङ्क विभाग, २०68)**

### 1.1.2.5 खानेपानी, इन्धन र शौचालयको प्रयोगको अवस्था

नगरपालिकाभित्र रहेका ५९१९ घरपरिवारमध्ये ५५५० (९५.०३%) परिवारले  टयुबेल वा हाते कलको पानी प्रयोग गरेको पाईन्छ  भने २३६ (४.०४%) परिवारले धारा वा पाइपको पानीको प्रयोग गरिरहेका छन्। यस बाहेक केही घरधुरीले नढाकिएको इनार वा कुवा, ढाकिएको इनार वा कुवा मूलको पानी र नदीसमेतलाई खानेपानीको श्रोतको रुपमा प्रयोग गर्दै आएका छन्।

तालिका 7: खानेपानीको श्रोतअनुसार घरधुरी संख्या

| क्र.स. | खानेपानीको श्रोत | कुल घरपरिवार | प्रतिशत (%) |
|---|---|---|---|
| 1 | टयुबेल वा हाते कल | 5550 | 93.76 |
| 2 | धारा वा पाइपको पानी | 236 | 3.99 |
| 3 | नढाकिएको इनार वा कुवा | 18 | 0.30 |
| 4 | ढाकिएको इनार वा कुवा | 6 | 0.10 |
| ५ | अन्य | 30 | 0.51 |

| | | | |
|---|---|---|---|
| 6 | उल्लेख नगरिएको | 79 | 1.3४ |
| | **जम्मा** | **5919** | **100** |

**(स्रोतः केन्दीय तथ्याङ्क विभाग, २०68)**

यस नगरपालिकामा प्राय घरपरिवारले खाना पकाउन दाउरालाई मुख्य इन्धनको रुपमा प्रयोग गरेको देखिन्छ। यस क्षेत्रमा रहेका घरधुरीमध्ये ४८६१ (५६.०४%) घरपरिवारले दाउराको प्रयोग गर्ने गरेको देखिन्छ। यसका साथै ३७१४ (४२.८२%) घरपरिवारले एल पि ग्याँस प्रयोग गर्दै आएका छन् भने जम्मा ३० (0.३५%) घरपरिवारले गुइँठा प्रयोग गर्ने गरेको पाइएको छ।

तालिका 8: खाना पकाउने इन्धनको किसिमअनुसार घरधुरी संख्या

| **क्र.स.** | **इन्धनको प्रकार** | **कुल घरपरिवार** | **प्रतिशत (%)** |
|---|---|---|---|
| 1 | दाउरा | ४८६१ | ५६.०४ |
| 2 | एल पि ग्याँस | ३७१४ | ४२.८२ |
| 3 | गुइँठा | ३० | ०.३५ |
| 4 | बिजुली | ६९ | ०.७९ |
| | **जम्मा** | **८६७४** | **100** |

श्रोत: वस्ती सर्वेक्षण, २०७९

यस क्षेत्रमा बत्तीको लागि उपयोग गरिने इन्धनको रुपमा सबै घरपरिवारले ८६५३ (१००%) विधुत् प्रयोग गर्ने गरेको देखिन्छ । शौचालयको प्रयोगको अवस्थालाई हेर्ने हो भने नगरपालिकामा रहेको कुल ५९१९ घरधुरीमध्ये १७१ (२.८९%) परिवारले सामान्य शौचालय प्रयोग गर्ने गरेका छन् भने ३२८ (५.५४%)परिवारले फ्लस् भएको शौचालय प्रयोग गर्ने गरेका छन् (तालिका 9)। त्यस्तै ५३३९ (९०.२०%) परिवारको घरमा अझै शौचालय नभएको अवस्था रहेकोछ।

तालिका 9: **शौचालयको किसिमानुसार घरधुरी संख्या**

| **क्र.स.** | **शौचालयको प्रकार** | **कुल घरपरिवार** | **प्रतिशत (%)** |
|---|---|---|---|
| 1 | फ्लस् भएको | 328 | 5.54 |
| 3 | सामान्य | 171 | 2.89 |
| 4 | शौचालय नभएको | 5339 | 90.20 |
| 5 | उल्लेख नभएको | 81 | 1.37 |
| | **जम्मा** | **5919** | **100** |

**(स्रोतः केन्दीय तथ्याङ्क विभाग, २०68)**

## 1.2 योजनाको परिचय

### 1.2.1 योजनाको पृष्ठभूमि

नेपाल विपद्को दृष्टिकोणबाट एकदम संवेदनशील देश हो र विश्वका सबै देशहरुमध्ये नेपाल समग्र प्रकोपको जोखिमको हिसाबले २०औँ स्थानमा पर्दछ।त्यस्तै नेपाल बाढी, पहिरो जस्ता जलजन्य प्रकोपको दृष्टिकोणबाट ३०औँ स्थानमा पर्दछ, भुकम्पको जोखिमको आधारमा ११ औँ स्थानमा पर्दछ भने जलवायु परिवर्तनको असरको हिसाबले चौथौँ स्थानमा रहेको छ। प्रत्येक वर्ष बाढी, पहिरो, हिमपहिरो, असिना–पानी, भूकम्प, चट्याङ्ग, सुख्खा खडेरी, आगलागी, महामारी, जलवायु परिवर्तन जस्ता प्रकोपहरुले देशलाई आक्रान्त पार्ने गरेको छ। यसका साथै नेपालमा औधोगिक दुर्घटना, विस्फोटन, सडक दुर्घटना, सर्पदंश तथा विषालु पदार्थसगँ सम्बन्धित विपद्का घटनाहरु पनि हुने गरेका छन्। साथै २०७६ सालबाट कोभिड–१९ महामारीले नेपाल लगायत विश्वका सबै देशहरुलाई आक्रान्त पारेको छ। बढ्दो जनसङ्ख्या, अव्यवस्थित शहरीकरण तथा औधोगीकरण, जथाभाबी वन फडानी तथा अतिक्रमण, अबैज्ञानिक खेती प्रणाली, जनचेतनाको कमी, अनियोजित भौतिक संरचनाको निर्माण, जलवायु जन्य जोखिम र विपद् व्यवस्थापनको बुझाइको कमी जस्ता कारणले गर्दा प्रत्येक वर्ष घट्ने विनाशकारी विपद्हरुबाट हजारौँको सङ्ख्यामा मानवीय क्षति, आर्थिक क्षति तथा भौतिक संरचनाको समेत नोक्सानी हुने गरेको छ। यस्ता प्रकारका विपद्हरुले उत्पादनका साधनहरुको विनाश गरेर गरिबी सिर्जना गर्दछ भने अर्कोतर्फ गरिबिले यस्ता प्रकारका विपद्हरुलाई झन् तीब्र पार्दछ।

रौतहट जिल्लालाई विभिन्न विपद् र त्यसले निमत्याउन सक्ने सकंटको दृष्टिकोणले हेर्दा एक विपद् प्रभावित जिल्ला मान्न सकिन्छ। राष्ट्रिय अनुकूलन योजना (NAP) प्रक्रियाका लागि गरिएको जलवायु परिवर्तन परिदृश्य विश्लेषणले रौतहट जिल्लाको वार्षिक औसत तापक्रम बढ्न सक्ने संकेत गरेको छ। यसै पर्तिवेदंनमा Representative Concentration Pathway (RCP 4.5) ले गरेको प्रक्षेपण अनुसार मध्यकालीन (२०१६-२०४५) र दीर्घकालीन (२०३६-२०६५) रूपमा क्रमशः ०.८५$^0$C र १.१६$^0$C ले वृद्धि हुने देखिन्छ (चित्र 4)।

| तापक्रम | $^0$C | परिवर्तन ($^0$C) | | | |
|---|---|---|---|---|---|
| | | RCP 4.5 | | RCP 8.5 | |
| | सन्दर्भ अवधि (1981-2010) | मध्यकालीन (2016-2045) | दीर्घकालीन (2036-2065) | मध्यकालीन (2016-2045) | दीर्घकालीन (2036-2065) |
| | 25.2 | 0.85 | 1.16 | 1.05 | 1.76 |
| वर्षा | मि.मि | परिवर्तन (%) | | | |

| | RCP 4.5 | | | RCP 8.5 | |
|---|---|---|---|---|---|
| | सन्दर्भ अवधि (1981-2010) | मध्यकालीन (2016-2045) | दीर्घकालीन (2036-2065) | मध्यकालीन (2016-2045) | दीर्घकालीन (2036-2065) |
| | 1830 | 2.1 | 7.9 | 6.4 | 12.1 |




चित्र 4: रौतहट जिल्लाको तापक्रम र वर्षातको प्रक्षेपण

तापक्रममा थप बृद्धिले सुक्खा महिनामा कृषि उत्पादनमा ह्रास आउनुका साथै खाद्यान्न असुरक्षा बढ्दै जानेछ । बढ्दो तापक्रमले बालीमा हुने रोग, कीरा र झारपातको विकास र फैलावटमा पनि योगदान पुऱ्याउने सम्भावना छ (Pandey, 2012; Bhandari et al., 2019)।

रौतहट जिल्लामा विपद् बाट निरन्तर प्रभावित हुने क्षेत्रमध्ये कटहरिया नगपालिका पनि एक हो। नगरपालिका वासिन्दाहरुमा जनचेतनाको कमी, जोखिम न्यूनीकरण तथा पुर्वतयारीमा कम ध्यानाकर्षणका कारणले यस नगरपालिका बहुप्रकोप जोखिमको दृष्टिकोणले संकटासन्न अवस्थामा रहेको छ। यसै सन्दर्भमा नगरपालिकाको जोखिम पार्श्वचित्र तयार गरी प्रत्यक्ष रुपमा प्रभावित समुदायको दिगो विकासको एकिकृत प्रयासको थालनी गरिएको हो।

कटहरिया नगरपालिकाको हावापानी तातो समशीतोष्ण छ जसले गर्दा गर्मीमा अधिकतम तापमान ४०.८ डिग्री सेल्सियस पुग्छ र जाडोमा कम्तिमा ३.४ डिग्री सेल्सियस हुन्छ। यहाँको जलवायुलाई मनसुन (जुन–सेप्टेम्बर) धेरै प्रभाव पारेको देखिन्छ, जति वेलामा औसत वार्षिक वर्षाको ८०% भन्दा माथि वर्षा हुन्छ (चित्र 5)। कटहरिया नगरपालिकाको नजिकमा रहेका जलवायु मापन केद्रहरुको अनुसार वार्षिक औषत वर्षा निम्न बमोजिम देखिन्छ:

| **स्थान** | **रामोली बैरिया** | **कलैया** | **गौर** | **मनुस्मारा** |
|---|---|---|---|---|
| **औषत वार्षिक वर्षा (मि.मि)** | 1634 | 1626 | 1427 | 1290 |




चित्र 5: महिनावारी वर्षाको विवरण

#### *1.2.2* **योजनाको उद्‌देश्य**

(क) विपदबाट हुनसक्ने जनधनको क्षति र स्रोत–साधन तथा संरचनामा पर्न सक्ने नकरात्मक प्रभावको विश्लेषण गर्नु।

(ख) विपद्को समयमा र विपद्पछि आउन सक्ने संभावित जोखिमलाई समयमै योजनाबद्द तरिकाबाट बिश्लेषण गरी नगरपालिकाको अग्रसरतामा विभिन्न सरकारी तथा गैरसरकारी सघं–संस्थाहरुको सहयोगमा जोखिम न्यूनीकरण, पूर्वतयारी, खोज तथा उद्‌दार, राहत वितरण तथा पुर्ननिर्माण र पुर्नस्थापनाको कार्यलाई प्रभावकारी बनाउने।

(ग) स्थानीय तहमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दे स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदाको निर्माणमा योगदान गर्नु।

### 1.2.3 योजनाको आवश्यकता र महत्त्व

कटहरिया नगरपालिका विभिन्न प्रकोपको हिसाबले जोखिममा रहेको छ। नगरपालिकामा बसोबास गर्दै आएका स्थानीय बासिन्दाहरुमा विपद् र त्यसको व्यवस्थापन कसरी गर्ने, हरेक विकास निर्माण प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई कसरी मुल प्रवाहीकरण कसरी गर्ने, जलवायु परिवर्तनले ल्याएको नकरात्मक असरलाई कसरी अनुकुलन गर्ने भन्ने ज्ञानको कमीले गर्दा प्रत्येक वर्ष धेरै क्षति व्यहोर्नुपर्ने अवस्था रहेको छ। यी सबै कारणले गर्दा जोखिम न्यूनीकरण, विपद् पूर्वतयारी तथा व्यवस्थापन गर्ने विषयमा ज्ञान, सिप र क्षमता वृद्दि गर्नुपर्ने आवश्यकता देखिन्छ। यसका साथै विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन २०७४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहले विपद् तथा जलवायु परिवर्तन अनुकूलनसम्बन्धी योजना तयार गर्नुपर्ने र आफ्नो क्षेत्रको जोखिम न्यूनीकरण गर्नुपर्ने प्रावधान रहेको छ। यसका साथै स्थानीय सरकारले विपद्का क्रियाकलापलाई न्यूनीकरण गर्दै मानवीय, आर्थिक तथा भौतिक क्षति कम गर्न जवाफदेही हुने प्रावधान रहेको छ। प्रत्येक स्थानीय तहले समुदाय तहदेखिनै विपद् जोखिमको विषयमा जनचेतना जगाई पूर्वतयारीका क्रियाकलाप सञ्चालन गर्ने, पूर्वचेतावनी प्रणालीको विकास गर्ने, प्रतिकार्यका लागि दक्ष जनशक्तिको व्यवस्थापन गर्ने, विपद्पछिको पुर्नस्थापना कार्यहरु उत्थानशील र दिगो बनाउन विपद् व्यवस्थापनको क्षेत्रमा लगानी गर्नुपर्नेछ। यस योजनाले विपद् जोखिम व्यवस्थापन र न्यूनीकरणका लागि जोखिम संवेदनशील भूउपयोग योजना र भूउपयोग सोचपत्रको महत्वका विषयमा बोध गराउन मद्दत गर्दछ।

### 1.2.4 योजनाको सिमा

योजनाका निर्माण तथा कार्यान्वयनमा निम्न बमोजिका सिमाहरु रहेका छन

- यो विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा सञ्चालन गर्दा स्थानीय स्तरका सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु, राजनीतिक पार्टीका प्रतिनिधिहरु, स्थानीय अगुवाहरु, शिक्षक, महिला स्वास्थ्य स्वयंसेविकाहरु, सुरक्षाबलका प्रतिनिधिहरु, अपांगता भएका व्यक्तिहरु, बृद्धबृद्धा, आमा समूह तथा आत्मनिर्भर समुहहरुका प्रतिनिधिहरु र टोल विकास समितिका प्रतिनिधिहरुको सहभागितामा सहभागिमुलक प्रक्रियाद्धारा योजना तर्जुमा गरिएको छ । त्यसैले यो योजना तथ्यांकमा आधारित भन्दा छलफल र सहभागीतामुलक बिश्लेषणबाट आएका बस्तुगत सूचनामा बनेको छ ।

- तथ्यांङ्क संकलनको क्रममा विगतका बर्षहरूमा भएका विपद्का घटनाहरू तथा त्यसबाट भएको क्षतिको सम्पूर्ण यथार्थ विवरणहरू प्राप्त गर्न कठिनाइ भएकोले वडातहको संकटासन्नताको स्तर निर्धारण, पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा, विपद् जोखिम न्यूनीकरणका गतिविधिहरू तथा बजेट निर्धारण गर्दा समय अनुकुल र संभावित जोखिमलाई हेरिएको छ ।
- विपद् जोखिम ब्यवस्थापनको योजना अन्तर्गत बनाइएका गतिविधिहरूको कार्यान्वयनका लागि बढी मात्रामा बाहिरी श्रोत जस्तै बिभिन्न गैर सरकारी संस्थाहरुबाट समेत सहयोग मिल्ने आशा गरिएको छ । जसले गर्दा बाह्य श्रोत प्राप्त नभएमा योजनाको कार्यान्वयनमा कठिनाइ हुन सक्नेछ ।
- बिभिन्न सरोकारवाला निकाय, समुदाय तथा ब्यक्तिहरूसँग भएको स्रोतहरूलाई परिचालन गर्न सकरात्मक देखिए पनि सरकारी र गैरसरकारी संस्थाहरूको आर्थिक बर्ष र योजना तर्जुमामा समय अगाडि पछाडि पर्नाले समपुरक कोषमा समस्या परिरहेको छ ।
- बिभिन्न विपद्हरूबाट हुने क्षतिलाई सीमित स्रोत र साधनबाट न्यून गर्न चुनौती रहेको छ ।

### 1.2.5 योजना निर्माण प्रक्रिया र विधि

नेपालमा, गृह मन्त्रालयले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको नेतृत्व गर्छ भने, वन तथा वातावरण मन्त्रालय जलवायु परिवर्तनको मामिलाको नेतृत्व गर्दछ। त्यस्तै, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (MoFAGA) ले योजना प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन (CCA) र विपद् जोखिम न्यूनीकरण (DRR) को एकीकरणका लागि दिशानिर्देशहरू विकास गर्न समन्वय गर्दछ।तथापी यी दुबैको एकीकृत योजना निर्माण गर्ने बिधि/प्रक्रिया स्वीकृत भएको देखिंदैन । तसर्थ नेपाल सरकारबाट स्वीकृत विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जित मस्यौदा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०७४ मा व्यवस्था भए अनुसारको प्रकृयाबाट योजना निर्माण गरिएको छ। प्रकोपहरुको पहिचान, तिनीहरुको स्तरीकरण, संकटासन्नता र क्षमता विस्लेषणको लागि निर्देशिकाको प्रकृयालाई नै अनुसरित गरिएको भएपनि जोखिम विस्लेषण र योजना तर्जुमाको सन्दर्भमा समस्या विश्लेषण (Problem analysis) र समाधान विश्लेषण (Solution analysis) पद्धती अपनाइएको छ ।जसको निर्माण तथा कार्यान्वयनको लागि निम्न बमोजिको विधि र प्रक्रियाहरु अपनाइएको छ ।




चित्र 6: स्थानीय विपद तथा जलावायु उत्थानशिल योजना तर्जुमा प्रक्रिया

योजना तर्जुमालाई मुख्यत बिभिन्न ७ चरणमा सारांश गर्न सकिन्छ र त्यी हुन्:

#### 1.2.5.1 चरण-१: समन्वय र प्रारम्भिक तयारी

प्रारम्भिक चरणको तथ्य संकलन पछि स्थानीय विपद् तथा जलबायु उत्थानशील समिति, कटहरियाको र RDC-नेपालको र्सहजीकरणमा २०७८/०३/२८ का दिन योजना निर्माण

अभिमुखीकरण गोष्ठी सम्पन्न गरिएको थियो।उक्त कार्यक्रममा नगरपालिका प्रमुख, उप प्रमुख तथा सम्पूर्ण जनप्रतिनिधि, प्रमुख प्रशासकिय अधिकृत, स्थानीय राजनीतिक दलका प्रतिनिधि, स्थानीय बुदिजिवीहरु, ज्येष्ठ नागरिक, स्थानीय संघसंस्थाको प्रतिनिधि तथा सरोकारवालाहरुको सहभागिता थियो। यस अभिमुखीकरणमा सहभागीहरुलाई विपद् सम्बन्धी विषयवस्तु जस्तै विपद्, प्रकोप, सङ्कटासन्न, जोखिम र क्षमता बारेमा जानकारी गराउदै सूचना संकलन विधि तथा प्रक्रियाका बारेमा छलफल तथा अभ्यास गरिएको थियो। यसका अलावा स्थानीय आपतकालीन सञ्चालन केन्द्र (LEOC) स्थापनाको सैधान्तिक आवस्यकता र बिधि/प्रक्रियाको बारेमा जानकारी गराएर नगर कार्यपालिकालाई सचेत गरिएको थियो ।

### *1.2.5.2* चरण-२: प्रारम्भिक चारण जोखिम मूल्याङ्कन र स्थलगत भ्रमण

कटहरिया नगरपालिकालाई समेट्ने गरि बिभिन्न र्राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायले गरेका अध्ययन/अनुसन्धान र नक्सांकनहरुलाई संकलन गरि तद अनुरुप प्रकोप र जोखिम मूल्याङ्कनको सुरुवात गरिएको थियो।जस अन्तर्गत भौगर्भिक सर्भे र भूमि प्रयोग व्यवस्थापन महाशाखा (TSLUMD)/सर्वेक्षण विभाग (DoS), नेपाल सरकार विपत-पोर्टल/ग्रिह मन्त्रालय, खानी तथा भूविज्ञान विभाग (DMG), जलविज्ञान तथा मौसम विज्ञान विभाग (DHM), वन अनुसन्धान तथा तालिम केन्द्र (FRTC), अन्तर्गत जलवायु परिवर्तन व्यवस्थापन महाशाखा (CCMD), वन तथा भू-संरक्षण विभाग (DoFSC), र अन्तरराष्ट्रिय विभिन्न निकायहरूद्वारा तयार गरिएका विभिन्न नक्सा र तथ्याङ्कहरू संकलन गरि अध्ययन गरिएको थियो।

अध्ययन क्षेत्रको बिभिन्न समयका भूउपग्रह तस्वीरहरु संकलनम गरि प्रकोप मुल्याकन गरिएको छ:

### *1.2.5.3* चरण ३: सहभागितामूलक स्रोत नक्साङ्कन

वडा स्थरिय श्रोत सङ्कलन र नक्सांकनको कार्य यहि २०७९/०४/२२ देखि २६ सम्म स्थलगत भ्रमण गरि सम्पन गरिएको छ। यहि दौरानमा चरण-२ वाट प्राप्त नतिजालाई सहभागितामूलक पद्धतिवाट परिमार्जित र परिस्कृत पनि गरिएको थियो।

### *1.2.5.4* चरण ४: सहभागितामूलक प्रकोप, संकतासन्नता, क्षमता र जोखिम मूल्याङ्कन

सहभागितामूलक प्रकोप, संकतासन्नता, क्षमता र जोखिम मूल्याङ्कनको निमित्त २ दिने बहुसरोकारवाला गोष्ठी (२०७९/५/१२-१३) संचालन गरिएको थियो, जसमा सहभागीहरूसँग

सङ्कटासन्नता तथा क्षमता विश्लेषण गर्न विभिन्न औजारहरू )VCA Tools( को प्रयोग गरिएको गरि अवस्थाको आकलन गरिएको थियो । यस अन्तगत सामाजिक तथा प्रकोपको नक्शाङ्कन, ऐतिहासिक तथ्याङ्क, स्तरीकरण, स्रोतको विश्लेषण, प्रकोप, मौसमी तथा बाली पात्रो, , संस्थागत विश्लेषण, प्रत्यक्ष अवलोकन तथा भेटघाट छलफल जस्ता पद्धतीहरु प्रयोग गरिएको थियो ।

विशेषत प्रकोप–जोखिमको जडसम्म पुग्न समस्या वृक्ष (Problem Tree) र समाधान वृक्ष (Solution Tree)पद्धती अपनाइएको थियो ।

#### *1.2.5.5* चरण ५: समस्या समाधान स्थानहरू र योजनाबद्ध कृयाकलाप संकलन र सुचिकृत

सहभागितामूलक प्रकोप, संकतासन्नता, क्षमता र जोखिम मूल्याङ्कन र चरण–२ र ३ वाट आएको प्रकोप–जोखिमलाई एकीकृत गरि समस्या वृक्ष (Problem Tree) र समाधान वृक्ष (Solution Tree)लाई केन्द्रमा राखेर स्थानीय विपद् तथा जलबायु उत्थानशीलका कृयाकलापहरु संकलन र सुचिकृत गरि प्रारम्भिक खाका तयार गरिएको थियो ।

#### *1.2.5.6* चरण ६: स्थानीय विपद् तथा जलबायु उत्थानशील योजना कार्यशाला गोष्ठी

मिति २०७९/०६/०५ गतेका दिन स्थानीय विपद् तथा जलबायु उत्थानशील योजना कार्यशाला गोष्ठी गरि विपद् तथा जलबायु उत्थानशीलका कृयाकलापहरुको खाकामा छलफल गरि त्यसलाई समजदारी गर्दै बजेट आंकलन र साझेदारीको विषयमा छलफल भएको थियो ।

#### *1.2.5.7* चरण ७: प्रस्तावित कृयाकलापहरु, र कार्यान्वयन

सहभागिबाट आएको सूचना र योजना बैठकमा गरिएको योजनाको आधारमा विपद् जोखिम व्यवस्थापन विज्ञ र विपद् व्यवस्थापन समितिले संयूक्त रूपमा योजना लेख्ने कार्य सम्पन्न गरिएको छ ।

खाका लेखनको दौरानमा विपद ब्यवस्थापन चक्रलाई मध्यनजर गरिएको छः




चित्र 7: विपद ब्यवस्थापन चक्र

खाकाको रूपमा तयार गरिएको योजनालाई पुनः नगरपालिकास्तरीय विपद् व्यवस्थापन समितिमा एक दिने गोष्ठीको आयोजना गरी छलफल गरिने छ । गोष्ठीका सहभागीहरूले योजनामा थप्नु पर्ने बुँदाहरू र आवश्यक सल्लाह सुझाव संकलन गरि पूर्ण रुप दिइने छ ।

#### 1.2.5.8 चरण ७: अन्तिम प्रतिवेदन

नगरपालिकास्तरीय विपद् व्यवस्थापन समिति तथा सहभागिहरूबाट आएको सुझावलाई पनि समेटेर विपद् जोखिम व्यवस्थापन योजनाको तयारी कार्य सम्पन्न गरिने छ ।

### 1.2.6 योजना कार्यान्वयन रणनीति

यो योजना कार्यान्वयनको लागि निम्न बमोजिको रणनीतिहरु अपनाईने छ ।

**योजनाको स्वीकृति**

नगरपालिकास्तरीय विपद् व्यवस्थापन समितिबाट तयार भएको नगरपालिकास्तरीय विपद् जोखिम व्यवस्थापन योजनालाई नगरपालिकाले आवश्यक प्रक्रिया पूरा गरी गाउँपरिषद्बाट स्वीकृत गराईने छ ।

**बजेट व्यवस्थापन**

यो योजना नगरपालिकाको आफ्नै योजना भएकोले पालिकाको क्षमता अनुसार बजेटको व्यवस्था गरिएको छ । साथै थप बजेट व्यवस्था तथा योजना कार्यान्वयनको लागि नगरपालिकाले प्रदेश सरकार र संघीय सरकार मातहत कार्यलयहरुसंग पनि  समन्वय गर्नु पर्ने हुन्छ ।सहकार्यमा गर्नु पर्ने र गर्न सक्ने कार्यक्रमहरु पनि यस योजनामा इंगित  गरिएको छ।

**योजना कार्यान्वयन**

नगरपालिकाले स्वीकृत विपद् जोखिम व्यवस्थापन योजना स्थानीय विपद् व्यवस्थापन समिति मार्फत् कार्यान्वयन गराउन प्राथमिकता दिनेछन् । साथै यस योजना विषयगत कार्यालय, समुदाय, सङ्घसंस्था तथा निजी क्षेत्र एवं समुदायमा आधारित विपद् व्यवस्थापन समिति समेतको सहयोग लिई कार्यान्वयन गर्नेछ ।

# खण्ड २: कटहरिया नगरपालिकाको प्रकोप, संकटासन्नता, क्षमता तथा जोखिम विश्लेषण

## २.१ प्रकोपको विश्लेषण

### २.१.१ मौषमी, वाली र प्रकोप पात्रो

विगत ३० वर्षको स्थानीय वासीको अनुभव अनुसार मौसममा बिभिन्न खालका बदलाव आएको देखिन्छ, जस्तै गर्मी पहिले भन्दा बढेको र लामो समय हुन्छ भने चिसो हुने समय घटेको भए पनि मात्रा चाँही बढेको छ (तालिका 10)।यसै गरि असिना पर्ने महिना नै बदलाब आएको स्थानीय वासीहरुको भोगाई छ।

तालिका 10: मौसमी पात्रो

| विवरण | विवरण | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन वर्षा | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिँउदे वर्षा | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गर्मी | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जाडो | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असिना | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| शितलहर | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हावाहुरी | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

**पहिले भन्नाले ३० वर्ष पहिले को अवस्था*

बढ्दो तापक्रम संगै यस क्षेत्रमा सर्पको टोकाई र कुकुर तथा स्यालहरु बौलाएर मानिसलाई टोक्ने गरेको जनगुनासो पनि सुनिएको छ।मौसमको परिवर्तनको साथसाथै बदलिँदो बजारसंगको सम्बन्ध र उपलब्ध श्रोत र साधानको आधारमा कृषले पनि वाली चक्रलाई केहि परिवर्तन गरेको देखिन्छ (तालिका 11)।

तालिका 11: बाली पात्रो

| विवरण | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धानको बीऊ लगाउने | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान रोप्ने | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान काट्ने | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ छर्ने | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ काट्ने | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| मकै छर्ने | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| मकै काट्ने | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| ऊखु | हिउँदे बारी | | | | | | | | | | | | |
| असुरो | | | | | | | | | | | | | |

**पहिले भन्नाले ३० वर्ष पहिले को अवस्था*

मौषम र कृषि प्रणालीमा आएको परिवर्तन संगै प्रकोप जन्य घटनाहरुमा पनि परिवर्तन आएको देखिन्छ, जस्तै वर्षातको समय लम्बिय संगै बाढीपनि असोजसम्म आउने गरेको स्थानीयहरुको अनुभव छ।यसैगरि शितलहरको प्रभाव पनि पहिले भन्दा अहिले लामोसमयसम्म पर्ने गरेको देखिन्छ भने पहिले-पहिले प्राय बैशाख-जेठमा असिना पर्ने भएपनि हाल आएर माघ फागुन पनि असिना पेने गरेको देखिन्छ (तालिका 12)

तालिका 12:  प्रकोप पात्रो

| प्रकोप | विवरण | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| शितलहर | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| खडेरी | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सर्पदंश | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असिना | पहिला | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

**पहिले भन्नाले ३० वर्ष पहिले को अवस्था*

### २.१.२ सहभागिता मुलुक प्रकोपको पहिचान तथा स्तरीकरण

नगर स्तरीय प्रकोप, संकटासन्नता र क्षमता मूल्याङ्कन गोष्ठीले कटहरिया नगरपालिका भित्र १५ वटा प्रकोपहरु पहिचान गरेको छ।यसलाई जोडी तुलना विधि (Comparism Matrix) वाट गरिएको स्तरीकरणगर्दा यिनीहरुको संबेदनशीलता क्रमश: बाढी, आगो (घरेलु), चिसो/शीत लहर, गर्मी लहर, खडेरी, सर्पको टोकाइ, प्रदूषण, दुर्घटना, पशु घटना, अनिकाल, चट्टाङ, महामारी, असिना, हावा/हुरी र भूकम्प रहेको पाइएको छ (तालिका 13)।

नगरपालिकाको विभिन्न वडा स्तरमा जोडी तुलना विधिवाट गरिएको स्तरीकरणलाई समायोजन गर्दै वडा स्तरिय विपद् व्यवस्थापन समितिको विश्लेषणको आधारमा समष्टिगत रुपमा नगरपालिकाभरि सबै भन्दा ठूलो प्रकोपको वाढी, डुवान, कटानलाई पहिचान भएको छ । त्यसपछि क्रमशः आगलागी, वाढी, डुवान, कटान, शितलहर, हुरी बतास, असिनापानी, चट्याङ, गर्मीलहर, सर्पदंश, जनावर आतंक, महामारी तथा भूकम्प रहेका छन । यद्यपि कुनै प्रकोप कुनै वडाको लागि प्रमुख मानिएको छ भने कुनै प्रकोप अर्को वडाको लागि प्रमुख रुपमा लिईएको छ । वार्ड नं. १,३,४,५ र ९ मा वाढी, डुवान, कटान तथा,वडा नं. २,६,७, र ८ मा आगलागी पहिलो स्तरीकरणमा परेको छ । हावाहुरी, शितलहर, महामारी, जनावर आतंक, गर्मीलहर सर्पदंश, रोगकीरा, असिनापानी सवै वडामा उस्तै क्षति हुने देखिएको छ । यसबाट कटहरिया नगरपालिका बहुप्रकोपको जोखिममा रहेको प्रस्ट हुन्छ ।

## तालिका 13: नगर प्रकोप स्तरीकरण

| | बाढी | आगो (घरेलु) | हावा/हुरी | खडेरी | चिसो लहर | असिना | प्रदूषण | सर्पको टोकाइ | गर्मी लहर | चट्टाङ | महामारी | दुर्घटना | भूकम्प | पशु घटना | अनिकाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **बाढी** | 1 | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| **आगो (घरेलु)** | | 1 | आगो (घरेलु) | आगो (घरेलु) | आगो (घरेलु) | आगो (घरेलु) | आगो (घरेलु) | आगो (घरेलु) | आगो (घरेलु) | आगो (घरेलु) | आगो (घरेलु) | आगो (घरेलु) | आगो (घरेलु) | आगो (घरेलु) | आगो (घरेलु) |
| **हावा/हुरी** | | | 1 | खडेरी | चिसो लहर | असिना | प्रदूषण | हावा/हुरी | गर्मी लहर | चट्टाङ | महामारी | हावा/हुरी | भूकम्प | पशु घटना | अनिकाल |
| **खडेरी** | | | | 1 | चिसो लहर | खडेरी | खडेरी | सर्पको टोकाइ | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी |
| **चिसो लहर** | | | | | 1 | चिसो लहर | चिसो लहर | चिसो लहर | गर्मी लहर | चिसो लहर | चिसो लहर | चिसो लहर | चिसो लहर | चिसो लहर | चिसो लहर |
| **असिना** | | | | | | 1 | असिना | सर्पको टोकाइ | गर्मी लहर | चट्टाङ | असिना | दुर्घटना | असिना | असिना | असिना |
| **प्रदूषण** | | | | | | | 1 | सर्पको टोकाइ | गर्मी लहर | प्रदूषण | महामारी | दुर्घटना | प्रदूषण | पशु घटना | अनिकाल |
| **सर्पको टोकाइ** | | | | | | | | 1 | गर्मी लहर | सर्पको टोकाइ | सर्पको टोकाइ | सर्पको टोकाइ | सर्पको टोकाइ | सर्पको टोकाइ | अनिकाल |
| **गर्मी लहर** | | | | | | | | | 1 | गर्मी लहर | गर्मी लहर | गर्मी लहर | गर्मी लहर | गर्मी लहर | गर्मी लहर |
| **चट्टाङ** | | | | | | | | | | 1 | महामारी | दुर्घटना | चट्टाङ | पशु घटना | चट्टाङ |
| **महामारी** | | | | | | | | | | | 1 | दुर्घटना | महामारी | पशु घटना | अनिकाल |
| **दुर्घटना** | | | | | | | | | | | | 1 | दुर्घटना | दुर्घटना | अनिकाल |
| **भूकम्प** | | | | | | | | | | | | | 1 | पशु घटना | अनिकाल |
| **पशु घटना** | | | | | | | | | | | | | | 1 | पशु घटना |
| **अनिकाल** | | | | | | | | | | | | | | | 1 |
| | 14 | 13 | 2 | 10 | 11 | 3 | 6 | 8 | 11 | 4 | 4 | 6 | 1 | 6 | 6 |

नगरको ९ वटै वडाको संकटासन्नता क्षमता विश्लेषणमा पहिचान गरिएका प्रकोप तथा जोडी तुलाना विधि वाट गरिएको स्तरीकरण तालिका निम्न अनुसार रहेको छ (तालिका 14)।

तालिका 14: वडास्तरीय प्रकोप स्तरीकरण

| वडा नं. | प्रकोपको स्तरीकरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **चौंथो** | **पाचौं** | **छैठौं** | **सातौं** | **आठौं** | **नवौं** |
| १ | वाढी डुवान | शितलहर | सुख्खा/खडेरी | सर्पदंश | चट्याङ | हावाहुरी | गर्मीलहर | असिना | महामारी |
| २ | आगलागी | गर्मीलहर | सुख्खा/खडेरी | असिना | हावाहुरी | शितलहर | चट्याङ | सर्पदंश | सडक दुर्घटना |
| ३ | वाढी डुवान | आगलागी | सुख्खा/खडेरी | गर्मीलहर | असिना | हावाहुरी | शितलहर | सर्पदंश | चट्याङ |
| ४ | वाढी डुवान | गर्मीलहर | सुख्खा/खडेरी | हावाहुरी | शितलहर | सर्पदंश | महामारी | चट्याङ | रोगकीरा |
| ५ | वाढी डुवान | सुख्खा / खडेरी | सडक दुर्घटना | सर्पदंश | असिना | चट्याङ | महामारी | गर्मीलहर | |
| ६ | आगलागी | सुख्खा / खडेरी | हावाहुरी | प्रदुषण | गर्मीलहर | महामारी | चट्याङ | असिना | सर्पदंश |
| ७ | आगलागी | सुख्खा / खडेरी | हावाहुरी | गर्मीलहर | महामारी | असिना | रोगकीरा | सर्पदंश | प्रदुषण |
| ८ | आगलागी | सुख्खा / खडेरी | गर्मीलहर | हावाहुरी | सर्पदंश | शितलहर | महामारी | प्रदुषण | वाढी डुवान |
| ९ | वाढी डुवान | सुख्खा / खडेरी | प्रदुषण | रोगकीरा | हावाहुरी | शितलहर | असिना | महामारी | चट्याङ |

### 2.1.3 प्रकोपको ऐतिहासिकता र क्षेतिको विवरण

विगतमा भएका प्रकोप जन्य घटनाहरु स्थानीय जानकारहरु संग सोधपुछ गरि त्यसवाट भएको क्षेतिको विवरण संग्कलन गरिएको छ:

## तालिका 15: विगत २० वर्षमा विपदवाट भएको क्षेति विवरण

| वस्ति | वडा | स्थान | मिति | घटना/ विपत प्रकार | मृत्यु (महिला) | मृत्यु (पुरुष) | लिंग नखुलेको | हराएको | प्रभावित घरधुरी | अनुमानित क्षति (रु) | घाइते | पूर्ण-क्षति (घर) | आंशिक क्षति (घर) | विस्तापित घरधुरी | पशुपन्छी मा क्षेति | खोर/गोठ मा क्षेति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| emf}jf | १ | झौवा | २०६५ | आगो | - | - | - | - | २० | १०,००,००० | ३ | ४ | १६ | ३ | २ | ७ |
| sdf]{xg f | १ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| e;]9jf | १ | | २०६२ | बाढी | - | १ | - | - | ७० | ६०,००,००० | - | ४५ | २५ | ४० | २ | ४५ |
| | | | २०७४ | भारी वर्षा | - | - | - | - | १८ | ७,००,००० | - | ५ | १३ | - | - | ५ |
| | | | २०७८ | हावाहुरी | - | - | - | - | ६५ | २५,००,००० | - | - | - | - | - | - |
| sdf]{gf | १ | कर्मोना | २०६० | आगो | - | - | - | - | १० | ४,००,००० | - | ४ | ६ | - | - | ४ |
| xg'dfgu / | १ | हनुमानगर | २०६२ | आगो | - | - | - | - | ७ | २,५०,००० | - | ६ | १ | - | - | ६ |
| | | | २०७८ | हावाहुरी | - | - | - | - | ३५ | १५,००,००० | - | - | - | - | - | - |
| s+SsnL 6f]n | १ | कंकालीटोल | २०६१ | आगो | - | - | - | - | १३ | ६,००,००० | - | ९ | ५ | १ | ३ | १० |
| 9f]nahf | १ | ढोलबजा | २०६३ | आगो | - | - | - | - | ६ | ७,००,००० | १ | ७ | - | २ | ४ | ५ |
| ltNsL 6f]n | २ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |

| वस्ति | वडा | स्थान | मिति | घटना/ विपत प्रकार | मृत्यु (महिला) | मृत्यु (पुरुष) | लिंग नखुलेको | हराएको | प्रभावित घरधुरी | अनुमानित क्षति (रु) | घाइते | पूर्ण-क्षति (घर) | आंशिक क्षति (घर) | विस्तापित घरधुरी | पशुपन्छी मा क्षेति | खोर/गोठ मा क्षेति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| xlyofxL | २ | हथियाही | २०६६ | आगो | - | - | - | - | ३० | १६,००,००० | २ | १० | २० | - | १ | २ |
| d';fl/of 6f]n | २ | मुसरी टोल | २०६३ | आगो | - | - | - | - | २४ | ६,००,००० | - | १४ | १० | - | - | - |
| k\|ultg u/ | २ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| hd'lgof | २ | | २०६७<br>२०७८ | आगो<br>हावाहुरी | -<br>- | -<br>- | -<br>- | -<br>- | १५<br>९० | ४,००,०००<br>२०,००,००० | -<br>- | १<br>- | १४<br>- | -<br>- | -<br>- | -<br>- |
| a8/]jf | ३ | बडरेवा | २०७१ | आगो | - | - | - | - | ८ | १२,००,००० | १ | ८ | - | - | १ | ३ |
| lalt{ | ३ | बिर्ती | २०७४<br>२०७८ | भारी वर्षा<br>हावाहुरी | -<br>- | -<br>- | -<br>- | -<br>- | २५<br>१३० | ५,००,०००<br>६०,००,००० | -<br>- | -<br>- | २५<br>- | -<br>- | -<br>- | ५<br>- |
| lalt{bd / | ३ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| aw]/jf | ३ | बडरेवा | २०६४<br>२०७२ | आगो | - | - | - | - | १५ | २०,००,००० | २ | १२ | ३ | - | - | २ |
| axfb'/k '/ | ४ | बहादुरपुर | २०७८ | हावाहुरी | - | - | - | - | ६० | ३२,००,००० | - | - | - | - | - | ५ |
| x;{xf | ४ | हर्सहा | २०७४<br>२०७८ | भारी वर्षा<br>हावाहुरी | -<br>- | -<br>- | -<br>- | -<br>- | १५<br>७० | १०,००,०००<br>३५,००,००० | -<br>- | ४<br>- | ९<br>१५ | -<br>- | -<br>- | २<br>- |
| aln/fdk '/ | ५ | बलिरामपुर | २०६८<br>२०६३<br>२०७४ | आगो<br>आगो<br>भारी वर्षा | -<br>-<br>- | -<br>-<br>- | -<br>-<br>- | -<br>-<br>- | २५<br>३५<br>७५ | ७०,००,०००<br>५०,००,०००<br>१,४०,००,००० | २<br>-<br>- | १५<br>२४<br>७५ | १०<br>८<br>- | -<br>-<br>- | -<br>१<br>१२ | -<br>३<br>१७ |

| वस्ति | वडा | स्थान | मिति | घटना/ विपत प्रकार | मृतु (महिला) | मृतु (पुरुष) | लिंग नखुलेको | हराएको | प्रभावित घरधुरी | अनुमानित क्षेति (रु) | घाइते | पूर्ण-क्षेति (घर) | आशिंक क्षेति (घर) | विस्तापित घरधुरी | पशुपन्छी मा क्षेति | खोर/गोठ मा क्षेति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | हावाहुरी | - | - | - | - | १८० | १,२०,००,००० | - | ३ | १२० | - | - | ८ |
| s6xl/of | ५ | कटहरिया | २०६४ | आगो | - | - | - | - | ३५ | ४५,००,००० | - | ४ | ३१ | - | २ | ७ |
| kmQ]k'/ | ६ | फत्तेपुर | २०७८ | हावाहुरी भारी वर्षा | - | - | - | - | ३४० | ३,४०,००,००० | - | - | - | - | - | - |
| aulx6f]n | ६ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| auxL | ७ | बगही | २०७८ | हावाहुरी भारी वर्षा | - | - | - | - | ३०० | १,५०,००,००० | - | - | २५ | - | - | - |
| an'jf | ८ | बलुवा | २०७४ | भारी वर्षा | - | - | - | - | ७५ | १७,००,००० | - | - | ७५ | - | - | - |
| lkk\|f kf]vl/of | ८ | पिप्रा पोखरिया | २०६५ २०७४ | आगो भारी वर्षा | - - | - - | - - | - - | १४ २५० | ७५,००,००० ४०,००,००० | १ - | ११ - | ३ २५० | - - | ४ - | ९ - |
| 8'dl/of | ९ | | २०७३ | आगो | - | - | - | - | १६ | २१,००,००० | ३ | ९ | ७ | ९ | १५ | ११ |

**श्रोत: स्थलगत सर्वेक्षण, २०७९**

### २.१.५ नगरपालिकाको संकटासन्नता तथा क्षमता विश्लेषण

नगरस्तरीय कार्यशाला गोष्ठीवाट माथिको प्रक्रियावाट सुचिकृत प्रकोप र तिनका कारणहरु तथा प्रभावहरु समेतलाई ध्यानमा राखी संकटासन्नता र क्षमता विश्लेषण गरिएको छ (तालिका 16)। जसको विवरण निम्न बमोजिम रहेको छ ।

तालिका 16: प्रकोप संकटासन्नता तथा क्षमता

| प्रकोप | संकटासन्नता | क्षमता | संकटासन्नता र क्षमता बीचको दुरी |
|---|---|---|---|
| **बाढी, डुवान, नदी कटान** | ▪ डुवान प्रभावित क्षेत्रहरुमा डुवान सहन नसक्ने जातका वालीहरु लगाउनु<br>▪ लाल वक्रैया खोला वारी र पारी वस्ती तथा खेतवारी हुनु<br>▪ नदी छेउछाउमा पानीको राम्रो निकासा नभएको | ▪ नदी छेउछाउमा केरा खेती भएको<br>▪ पालिका स्तरमा विपद् व्यवस्थापन समिति भएको<br>▪ बाढी पानी निकासाको लागि केही स्थलमा पुल भएको<br>▪ एम्बुलेन्सको व्यवस्था भएको<br>▪ विपद् सम्बन्धी कल गर्नका लागि सरकारी ईलाका प्रहरी कार्यालय तथा गैरसरकारी संस्था भएको | ▪ माटो अनुसारको खेती गर्न जोड नदिनु तथा जनचेतनाको कमी<br>▪ विपद् सम्बन्धी कार्यदल गठन नभएको<br>▪ समुदायमा आयआर्जनका कार्यक्रम पर्याप्त नहुनु |
| **आगलागी** | ▪ घरको संरचनाले गर्दा बिजुली सट भएर आगो लाग्नु | ▪ पक्की घरहरु बन्दै गरेको | ▪ भवन आचार-संहिता लागु हुन नसक्नु |
| **शितलहर** | ▪ आर्थिक अवस्था कमजोर भएको कारण न्यानो कपडा, दाउराको जोहो गर्न नसक्नु<br>▪ जेष्ठ नागरिक तथा बालबच्चाहरुमा विभिन्न | ▪ नगरपालिकाले दाउरा वितरण गरेको<br>▪ विपद् योजना तर्जुमा चरणमा भएको | ▪ प्रयाप्त रुपमा जनचेतना नभएको<br>▪ समुदायमा आयआर्जनका कार्यक्रम पर्युत नहुनु<br>▪ नवजात शिशु, बालबालिका, वृद्ध एवम् रोगीहरुको स्याहारको |

| | | | |
|---|---|---|---|
| | श्वास-प्रश्वास सम्बन्धी रोग<br>▪ बाख्रा तथा पशुको लागि सुरक्षित आवासको व्यवस्था नभएको<br>▪ शितलहर पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धि ज्ञानको कमी | | लागि स्रोत तथा ज्ञानको कमी |
| **गर्मि लहर** | ▪ | ▪ | ▪ |
| **खडेरी/सुक्खा** | ▪ | ▪ | ▪ |
| **सर्पदंश** | ▪ सावधानी पूर्वक काम गर्ने बानीको कमी | ▪ पन्जा बुटहरुको प्रयोग | ▪ सुरक्षाका लागि सामानहरु खरिद गर्न आर्थिक अभाव |
| **प्रदुषण** | ▪ ईट्टा भट्टा, उधोग, कलकारखानाहरु तथा थोत्रो गाडीहरु हुनु | ▪ वनजङ्गल हुनु | ▪ प्रदुषण तथा यातायात सम्बन्धी नीति नहुनु |
| **दुर्घटना** | ▪ बालबालिकाहरु सडकमा खेल्ने गर्नु<br>▪ पशु व्यवस्थापनको अभाव | ▪ ट्राफिक चेकजाँच हुने गरेको | ▪ ट्राफिक नियमको बारेमा जानकारीको कमी |
| **पशु घटना** | ▪ झाडी तथा खोला नजिकै खेतवारी भएको | ▪ खेतवारीमा तारबारको घेरा लगाउन शुरुवात भएको | ▪ जंगली तथा घरपालुवा जनावरको व्यवस्थापनमा पर्याप्त नीति तथा कार्यक्रम नहुनु |
| **अनिकाल** | ▪ गरिबीको रेखामुनि रहेको जनसङ्ख्या<br>▪ प्राकृतिक प्रकोप | ▪ गरिब परिवारलाई भत्ता उपलब्ध गर्दै आएको | ▪ गरिब परिवारलाई पहिचान गर्न पर्याप्त नीति तथा कार्यक्रम नहुनु |
| **चट्याङ्ग** | ▪ बिजुलीको पोलहरु घर नजिकै हुनु<br>▪ बिजुलीको नाङ्गो तारहरु हुनु | ▪ नगरपालिकाभित्रका ठूला संरचनाहरुमा अर्थिङको व्यवस्था भएको | ▪ बिजुलीको तार व्यवस्थापनमा प्राविधिक कमी भएको |
| **महमारी** | ▪ आर्थिक अवस्था कमजोर हुनु<br>▪ पानी तथा ढल निकासाको उचित व्यवस्थापन नभएको | ▪ प्रत्येक वडाहरुमा स्वास्थ्य चौकीको व्यवस्था भएको<br>▪ स्वास्थ्य स्वयंमसेविकाको व्यवस्था भएको | ▪ पानी शुद्ध गर्ने विधिबारे पर्याप्त जानकारी तथा ज्ञान नहुनु |

| | | | |
|---|---|---|---|
| | | ▪ खोपको व्यवस्थापन भएको | |
| **असिना** | ▪ वालीहरु खुला रुपमा हुने गरेको<br>▪ कमजोर भौतिक संरचना भएको | ▪ नयाँ बनेको संरचनाहरु बलियो बन्न थालेको | ▪ वाली तथा सम्पत्ति बिमाको बारेमा कम चासो<br>▪ असिना प्रतिरोधात्मक प्रविधिको अभाव |
| **हावाहुरी** | ▪ कमजोर संरचनाहरु, कमजोर विधुतीय संरचनाहरु हुनु<br>▪ घर नजिकै सुकेको रुखहरु हुनु | ▪ घरको छानाहरु बलियो बनाउने सचेतना बिकास हुदैँ गरेको | ▪ वाली वरिपरी हावा प्रतिरोधात्मक रुख विरुवाहरु लगाउने ज्ञानको कमी |
| **भुकम्प** | ▪ कमजोर भौतिक संरचना<br>▪ भौगोलिक अवस्थिति | ▪ खुल्ला क्षेत्रहरु हुनु<br>▪ ठूला-ठूला भौतिक संरचना नहुनु | ▪ सुरक्षित स्थानको पहिचान नभएको अवस्था<br>▪ भूकम्प सम्बन्धि ज्ञानको अभाव |

## २.२ जोखिम मूल्यांकन

### २.२.१ प्रमुख प्रकोपहरुको जोखिम विश्लेषण र भौगोलिक वितरण

**बाढी/कट्टान/डुबान**

यस नगरपालिकाको पूर्वी सिमानामा तरहारे खोला छ भने पश्चिममा लालबकैया खोला पर्दछ। लालबकैया उत्तरी मकवानपुरको महाभारत पर्वतवाट उत्पति भइ मकवानपुरको शिरपुर र छतिवन, बाराको निजगढ र रौतहटको गुजारा हुँदै यस नगरपालिकामा प्रबेश गर्दछ भने तरहारे खोला चाँहि तराई मै उत्पति भएको हो। यस नगरसम्म पुक्दा लालबकैयाको शोभाव निरन्तर धार परिवर्तन गरि रहने खालको छ।




चित्र 8: खोला धार परिवर्तनको नमुना,हर्षहा, लालबकैया खोला

भूपग्रह तस्विरहरु र Google Earth Images अध्ययन गर्दा गत दशकमा धार परिवर्तनको प्रकृयालाई तटबन्धले केहि घटाएको देखिन्छ। यसरि नदी धार परवर्तनवाट निस्केको नदी उकासमा हाल खेति गरिएको पनि छन।कतिपय पुरानो धारमा हालमा वर्षातको समय डुबान हुने गर्दछ।




चित्र 9: विगत ३० वर्षमा खोला धार परिवर्तनको, लालबकैया खोला

माथि उल्लेखित सबै बाढीको प्रकृतिलाई एकीकृत गरि बाढी संबेदनशीलता आकलन गरिएको छ (चित्र 10)।




चित्र 10: बाढी सम्बेदनशिलता, कटहरिया नगरपालिका

हालको भूउपयोगमा बाढी संबेदनशीलताको अध्ययन गर्दा तल उल्लेखित बमोझिम देखियो।

| भूउपयोग | क्षेत्रफल (वर्ग कि.मि) | |
|---|---|---|
| | धेरै | मध्यम |
| खेति भुमि | 7.69 | 3.98 |
| सार्वजनिक क्षेत्र | 0.14 | 0.15 |
| नदी/नाला | 1.92 | 0.02 |
| आवास क्षेत्र | 0.15 | 0.25 |
| बगैंचा | 0.00 | 0.02 |
| पोखरी/माछा पालन | 0.00 | 0.03 |
| धार्मिक/सास्कृतिक/पुरवत्व | 0.00 | 0.00 |
| वन | 0.04 | 0.00 |
| उद्योग | 0.00 | 0.00 |
| घाँसे मैदान | 0.21 | 0.00 |

यसरी संभावित जोखिमलाई हेर्दा कटहरिया नगरपालिकाको वडा –१ मा पर्ने झौवा, भसेढवा र ढोलबजा, वडा –४ को हर्सहा र वडा –४ को मुसरिया र तिल्की टोल धेरै बाढी समेबंद्शील देखिन्छ।

**आगलागि**

घरहरूको संरचनाका कारण यस नगरका अधिकांश बस्तीहरू आगलागीको लागि धेरै संवेदनशील छन्। आगलागी फैलिनका लागि काठका संरचनाहरू र खरका छानाहरू अत्यन्तै जोखिममा युक्त हुन्छन।यसका अलावा, अज्ञानता र ज्वलनशील पदार्थको व्यवस्थापनमा लापरवाही घर आगलागीको प्रमुख कारण हो। तर, आगो रोकथाम र निभाउने उपायहरू सम्बन्धी पर्याप्त ज्ञान नहुनाले, यसकालागि गर्नु पर्ने पुर्व–तयारी र न्यूनीकरण त्यति प्रभावकारी भएको देखिदैन।

आगलागीको उत्पेरक कारणहरु (घरको पर्खाल तथा छानोको प्रकृति, वस्तीमा घरहरूको सधनता, ज्वलनशील पदार्थहरूको उपस्थिति, आगो र हावाको गति र ऐतिहासिक आगलागी घटनाहरू) र बस्तीमा आगो फैलन नदिने वा नियन्त्रण गर्न मद्दत गर्ने परिस्थितिहरु ( पहुँच मार्ग/सडकको चौडा, फायर ब्रेकर वा भाग्ने बाटो, आगो निभाउने प्रणालीको दूरी, पानी र हरियालीको उपलब्धता/रूखहरू र झाडीहरू) लाई बहु मापदण्ड निर्णय विश्लेषण (MCA) मार्फत अध्ययन

गर्दा यस नगरका कटहरिया बजार, वालिरामपुर, पिप्रा पोखरिया, डुमरिया, हथियाही, मुसरिया टोल र ढोलबजा क्षेत्र सपेक्षित् रुपमा बढी जोखिम युक्त देखिन्छ (चित्र 11)।




चित्र 11: आगलागीको जोखिमको विवरण

## शितलहर र गर्मीलहर

हरेक वर्ष डिसेम्बरको मध्यदेखि जनवरीको मध्यसम्म कटहरिया नगरपालिकामा शीतलहर आउने गरेको छ। स्थानीय बासिन्दाको अनुसार शीतलहर अहिले लामो समयसम्म चलिरहेको छ र यसको प्रभाव झन् गम्भीर बन्दै गएको छ।सम्बन्धित महिनाको तापक्रमको वितरणलाई हेर्दा तुलात्मक रुपमा २,६,७,८ र ९ वडाहरुमा शीतलहरको प्रभाव बढी हुने देखिन्छ (चित्र 12)।लामो शीतलहरले खेतीको उप्जनीमा नकारात्मक असर गर्नुको साथै मानवीय स्वास्थ्यमा पनि प्रतिकुल असर गर्दछ।कत्तिपय परिस्थितिमा मानवीय क्षेति पनि भएको पहिएको छ।चरम गरिवीको कारण न्यानो कपडा र घर/कोठाको तापक्रम बृधि गर्न नसक्दा त्यस्तो परिस्थिति आउने गर्दछ ।

गर्मीलहरको सन्दर्भमा वडा न-३, ४, ५, ६ र ८ बढी संबेदनशील छन्।गर्मि बृधि संगै खेतिमा सुख्खापन बढ्ने र मानवीय शाररिक र मानशिक स्वास्थ्यमा पनि प्रतिकुल असर गर्दछ।




चित्र 12: शीतलहरको संबेदनशीलताको विवरण




चित्र 13: गर्मीलहरको संबेदनशीलताको विवरण

## हावा/हुरी

सामान्यतया हावाको गतिको वितरण हेर्दा खोला तटीय क्षेत्र र खुला ठाउँमा बढी भएको देखिन्छ र हावा हुरीको बेलामा पनि यिनै क्षेत्रमा बढी क्षेति हुने गर्दछ (चित्र 14)।हावा/हुरीले बालीनालीमा असर गर्नुको साथै घरहरुमा पूर्ण वा आंशिक क्षेति गर्दछ ।घरको पर्खाल र छानोको प्रकृतिले संभावित क्षेतिको संक्केत गर्दछ, उदहारणको लागि खरको छानोलाई मध्यम स्थरको हावा/हुरीले नै क्षेति पुर्याउन सक्दछ ।पर्खालको संधर्वमा पनि बाँस वा काठ/फलेखहरु बढी संबेदनशील हुन्छन।एवम रितले मूल्यांकन गर्दा हावा/हुरीको जोखिमको दृष्ठीकोणले वालिरामपुर, बहादुरपुर्, बिर्ती, झौवा र मुसरिया टोल बढी संबेदनशील देखिन्छ (चित्र 15)।







| चित्र 14: हावा/हुरीको संबेदनशीलता | चित्र 15: हावा/हुरीको जोखिम |
| --- | --- |

**भूकम्प**

भुकम्प जोखिम वितरणका लागि Global Seismic Hazard Program (GSHAP) ले बनाएको Global Earthquake Hazard Distribution - Peak Ground Acceleration वाट हेर्दा कटहरिया नगरपालिका उच्च जोखिममै देखिन्छ।




चित्र 16: भुकम्पिय संबेदनशीलता

भौगोलिक रुपमा कटहरिया नगर भरि समान भुकम्पिय संबेदनशीलता रहेपनि घरको बनावोट आधारमा जोखिम भने निम्न बमोजिम देखिन्छ (तालिका 17):

तालिका 17: घरको बनोटको आधारमा भुकम्पिय जोखिम

| वस्ति | वडा | उच्च जोखिमका घरधुरी | मध्यम जोखिमका घरधुरी |
|---|---|---|---|
| emf}jf | १ | १५२ | ५२ |
| sdf]{xgf | १ | ११५ | ३५ |
| e;]9jf | १ | ११० | १०५ |
| sdf]{gf | १ | १४० | १५ |
| xg'dfgu/ | १ | १५३ | ५० |
| s+SsnL6f]n | १ | ९० | १५ |
| 9f]nahf | १ | ८५ | १० |
| ltNsL 6f]n | २ | १०४ | १२ |
| xlyofxL | २ | २७२ | ८५ |
| d';fl/of 6f]n | २ | १०७ | - |
| k\|ultgu/ | २ | ४५ | १५ |

| वस्ति | वडा | उच्च जोखिमका घरधुरी | मध्यम जोखिमका घरधुरी |
| --- | --- | --- | --- |
| hd'lgof | २ | १६० | १३५ |
| a8/]jf | ३ | १८६ | २३ |
| lalt{ | ३ | १५२ | १०७ |
| lalt{bd/ | ३ | १९ | ५ |
| aw]/jf | ३ | ६ | १० |
| axfb'/k'/ | ४ | २८० | ३७ |
| x;{xf | ४ | १५० | २७ |
| aln/fdk'/ | ५ | १११ | १०३ |
| s6xl/of | ५ | ५१७ | ३१४ |
| kmQ]k'/ | ६ | ३७० | ६४ |
| auxL | ७ | ६१४ | ११७ |
| an'jf | ८ | १७३ | ३४ |
| lkk\|f kf]vl/of | ८ | १९३ | ८८ |
| 8'dl/of | ९ | - | २६० |

**प्रदुषण**

यस नगपालिका भित्र र सेरोफेरोमा १५ भन्दा धैरै इट्टाभट्टा र अन्य उद्योक भएकाले वातावरणीय प्रदुषण नजरले पनि संबेदनशील नै छ ।इट्टा उद्योकले वायु प्रदुषण मात्र नगरेर भूमिको उर्बरा शक्ति र सौन्दर्यलाई पनि ह्रास ल्याउन गर्दछ ।प्रदुषणको दृष्ठीकोणले हेर्दा वडा न–७ बढी जोखिम युक्त देखिन्छ भने त्यसपछि क्रमश: वडा–९, २, ८, ७, ५, ४ र १ देखिन्छ (चित्र 17)।




चित्र 17: प्रदुषणको दृष्टिकोणले सम्बेदनशिलता

### २.२.२ प्रकोप जोखिम निवारण/न्युनिकरणका उपायहरु

सहभागितामुलक प्रकोप पहिचान, तिनीहरुको प्रभाव विश्लेषण र संकटासन्नता तथा क्षमता मापन पश्च्यात संभावित समस्याको जर्रा सम्म पुग्न गरि समाधानको उपायहरु वारेमा छलफल गरि सुचिकृत योजना निर्माण कार्यशाला गोष्ठीवाट अनुमोदन गरिएको छ ।

तालिका 18: प्रकोप जोखिमका करण र सम्भावित प्रभावहरु

| प्रकोप | मुख्य कारणहरु | सहायक कारणहरु | प्रभाव |
|---|---|---|---|
| **बाढी** | ▪नदी कट्टान<br>▪डुबान<br>▪खोला छेऊ बस्ती हुनु<br>▪उपयुक्त भु–उपयोग योजना नहुनु<br>▪नदी उकास बढ्नु (ढुङ्गा उकास बढ्नु) | ▪प्रयाप्त टतबन्धको कमी<br>▪निकासाको कमी<br>▪चुरे दोहन<br>▪उपयुक्त अध्ययनको कमी<br>▪बास्तविक विश्लेषणको कमी | ▪बाली–नालीको क्षति<br>▪जनधनको क्षति<br>▪महामारी फैलिनु<br>▪सर्पको टोकाइमा बृद्दि |
| **आगलागी** | ▪बढ्दो लापरबाही गर्दा आगो सल्कुनु<br>▪आगो सल्किन सजिलो हुने घरको प्रकृति<br>▪सर्ट–सर्किट | ▪शिक्षाको कमी/जथाभावी धुम्रपान/<br>▪प्रज्वलनशील प्रर्दाथहरुबाट बच्चा–बच्चीहरुको पहुचमा हुनु<br>▪खरका छानाहरु | ▪जनधनको क्षति |
| **शितलहर** | ▪बाक्लो हुस्सु<br>▪शितलहरसंग जुद्दने पूर्वाधार र प्रबिधिको कमि<br>▪शितलहर अनुकुल कृषि प्रणाली विकाश नहुनु | ▪प्रयाप्त घाम नलाग्नु<br>▪औधोगिकरण र वनजङ्गल फडानी<br>▪न्यानो लत्ता/कपडाको कमि<br>▪आगो बाल्न वा घर न्यानो बनाउने क्षमतामा कमि | ▪नगदे वाली, फलफूल तथा तरकारी वाली नाश हुनु<br>▪जनधनको क्षति |
| **गर्मीलहर** | ▪जलवायु परिवर्तन<br>▪सहरीकरण | ▪वनजङ्गल फडानी<br>▪अत्याधिक पेट्रोल र डिजेलको प्रयोग<br>▪वायु प्रदुषण/औधोगिकरण | ▪स्वास्थ्य तथा कृषिमा प्रतिकुल असर पर्नु<br>▪खडेरी लाग्नु |
| **खडेरी** | ▪समयमा वर्षा नहुनु<br>▪अत्याधिक गर्मी बढ्नु<br>▪सिंचाईको सुबिधा पर्याप्त नहुनु | ▪नगर÷कुलो पर्याप्त नभएर<br>▪वैकल्पिक सिंचाईको अभाव | ▪खेती वाली सुक्ने<br>▪तरकारी खेतीलाई क्षति<br>▪रोग–किरा बृद्धि<br>▪तापक्रम बृद्धि |

| प्रकोप | मुख्य कारणहरु | सहायक कारणहरु | प्रभाव |
|---|---|---|---|
| | | | ▪ पानीको मुहान सुक्नु<br>▪ आगलागी बढ्नु |
| **सर्पदंश** | ▪ तापक्रम बढ्नु<br>▪ वर्षाका कारण | ▪ घर/वस्तीहरु नजिक झाडी/बुट्यान हुनु | ▪ मानव र पशुपन्छी घाइते तथा मृत्यु |
| **प्रदुषण** | ▪<br>▪ फोहोरमैलाको व्यवस्थापनमा कमजोरी | ▪ प्रकोप | ▪ शारीरिक तथा मानसिक रुपमा अशक्त हुने |
| **दुर्घटना** | ▪ पशुपन्छीको कारण<br>▪ सडकको अवस्थाको कारण<br>▪ ट्राफिक<br>▪ नियमको जानकारीको कमीले<br>▪ तीव्र गतिले सवारी चलाउनाले<br>▪ मादक पर्दाथ सेवन<br>▪ बाढीको बेलामा पौडी खेल्न जादाँ | ▪ ट्राफिक<br>▪ कार्यालयको कमी<br>▪ सवारी चलाँउदा गर्ने लापरवाही (मोबाइलमा कुरा गर्ने, गफ गर्ने | ▪ मानवीय तथा भौतिक क्षति<br>▪ मानिस, पशुहरु मर्नु तथा घाइते हुनु |
| **पशु घटना** | ▪ प्राकृतिक बासस्थानको अभाव<br>▪ जनचेतनाको कमी | ▪ वन विनाश<br>▪ वन फडानी | ▪ वालीनालीको क्षति<br>▪ जनधनको क्षति |
| **अनिकाल** | ▪ जनसङ्ख्या बृद्दि | ▪ खडेरी<br>▪ बेरोजगारी<br>▪ शिक्षाको कमी | ▪ कुपोषण<br>▪ आयआर्जनमा कमी |
| **चटयाङ्ग** | ▪ प्राकृतिक (बादलहरुको टकराव) | ▪ बिजुलीको तारको कारण | ▪ जनधनको क्षति<br>▪ आगलागी |
| **महामारी** | ▪ हावा, जल तथा भु-प्रदुषण | ▪ खुल्ला दिशापिसाब गर्नाले<br>▪ जनचेतनाको कमी | ▪ शारीरिक तथा मानसिक तनाव |
| **असिना** | ▪ प्राकृतिक | ▪ ज्ञानको कमि | ▪ वालीनाली तथा अन्य भौतिक क्षति |

| प्रकोप | मुख्य कारणहरु | सहायक कारणहरु | प्रभाव |
|---|---|---|---|
| | | | ▪ पशु क्षति |
| **हावाहुरी** | ▪ प्राकृतिक प्रकोप | ▪ कमजोर संरचना | ▪ जनधनको क्षति |
| **भूकम्प** | ▪ प्राकृतिक प्रकोप | ▪ कम्जोर संरचना | ▪ जनधनको क्षति |

तालिका 19: प्रकोप समाधानको उपायहरु

| प्रकोप | मुख्य समाधानका उपायहरु | सहायक समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|---|
| बाढी/डुबान/ नदी कट्टान | ▪ तटवन्ध मर्मत सम्भार र आवश्यकता अनुसार उचाई वढाउने<br>▪ जोखिम क्षेत्रमा\ वस्ती विस्तारलाई निरुशाहित गर्ने<br>▪ बाढी/डुबान क्षेत्रमा अनुकुल खेति प्रोशाहन गर्ने | ▪ तटवन्ध क्षेत्रमा वृक्षारोपण<br>▪ जोखिम संबेदनशिल भूउपयोग बनाउने र कार्यन्वयन गर्ने<br>▪ लालबकैया नदी तटीय क्षेत्रमा केरा लगायत/बगर खेति प्रवर्द्धन<br>▪ लामो समय डुबान पर्ने खेति भुमीमा उखु लगायत खेति प्रवर्द्धन | ▪ नगरपालिका<br>▪ जनताको तट्बन्ध<br>▪ कृषि ज्ञान केन्द्र<br>▪ डिभिजन वन कार्यलय |
| आगलागी | ▪ घर/वस्तीलाई आगलागी उत्थानशील बनाउने<br>▪ लापरबाही र अचेतानालाई कम गर्नको लागि सचेतना कार्यक्रम संचालन गर्ने | ▪ खरका छानाहरु भएका घरहरु विस्थापन गर्ने<br>▪ दाउरा, भुस, पराल, गुईंठा विस्थापन गरि इलेक्ट्रोनिक प्रविधिहरुको प्रयोग गर्ने<br>▪ घरको वाइरिङ्गहरुलाई ब्यवस्थित गर्ने | ▪ नगरपालिका<br>▪ पूर्वाधार विकास कार्यलय<br>▪ शहरी विकास तथा भवन निर्माण विभाग |

| प्रकोप | मुख्य समाधानका उपायहरु | सहायक समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|---|
| शितलहर | ▪ शितलहर प्रतिरोधात्मक घर ब्यवस्थापन गर्ने<br>▪ शितलहर अनुकुलित कृषि अपनाउने<br>▪ सहि समयमा सहि आकलन हुनु पर्ने | ▪ न्यानो लत्ता/कपडाको तथा आगो /न्यानो ब्यवस्थापन<br>▪ हुस्सु लाग्नु अगाडि औषधि छर्ने/ औषधि सहुलियतमा उपलब्ध गराउनु पर्ने<br>▪ चिसो सहन सक्ने जातका वाली (उखु, मकै) लगाउने | ▪ नगरपालिका<br>▪ डिभिजन वन कार्यलय<br>▪ कृषि ज्ञान केन्द<br>▪ |
| गर्मीलहर | ▪ हरित सहरको अवधारणमा सहरीकरण अगाडी बढ्ने<br>▪ गर्मीलहरको बेलामा व्यक्तिगत सजकता अपनाउने | ▪ योजना बनाई कार्यन्वयन गर्ने<br>▪ सकभर बाहिर ननिस्किने, निस्किदा छाता सहित निस्किने<br>▪ वृक्षारोपण | ▪ नगरपालिका<br>▪ डिभिजन वन कार्यलय<br>▪ पूर्वाधार विकास कार्यलय |
| खडेरी | ▪ सिंचाई प्रर्वधन<br>▪ उपचार पद्धतिको विस्तार<br>▪ वृक्षारोपण | ▪ सतही सिंचाई/भुमिगत सिंचाई/ वैकल्पिक सिंचाई<br>▪ ज्ञान–सीप अभिवृद्धि<br>▪ औषधि उपचारको पहुँचमा बृद्धि | ▪ नगर सिंचाई विभाग<br>▪ कृषि निर्देशनालय<br>▪ जलश्रोत तथा सिचाई डिभिजन<br>▪ भूमिगत जलश्रोत तथा सिचाई डिभिजन<br>▪ डिभिजन वन कार्यलय |
| सर्पदशं | ▪ पालिका स्तरमा सर्पदंश उपचार केन्द्र स्थापना गर्नुपर्ने<br>▪ सरसफाईमा ध्यान पुर्याउनु पर्ने<br>▪ जनचेतना फैलाउने कार्यक्रम गर्नुपर्ने | ▪ प्रविधि–प्राविधिक तथा औषधिहरु उपलब्ध गराउनु पर्ने | ▪ नगरपालिका<br>▪ स्वास्थ्य निर्देशनालय<br>▪ स्वास्थ्य मन्त्रालय |
| प्रदुषण | ▪ उद्योग/कलकारखानालाई प्रदुषण प्रति उत्तरदायित्व बहन गर्ने वातावरण सिर्जना गर्ने<br>▪ सडकको छेउछाउ वृक्षारोपण गर्नुपर्ने<br>▪ जनचेतना फैलाउने | ▪ उद्योग/कलकारखानालाई स्वअनुगमन परिधिमा ल्याउने | ▪ वातावरण बिभाग/वन तथा वातावरण मन्त्रालय<br>▪ वन डिभिजन कार्यालय<br>▪ नगरपालिका |

| प्रकोप | मुख्य समाधानका उपायहरु | सहायक समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|---|
| | | ▪ उद्योग/कलकारखानालाई सामाजिक र वातावरणको उत्तरदायित्व बहन गराउने | |
| दुर्घटना | ▪ सडक दुर्घटनालाई कमि गर्ने<br>▪ बाढीको समयमा खोलामा पौडी खेल्न निषेधित गर्ने | ▪ ट्राफिक नियम कडाईका साथ लागु गर्नुपर्ने<br>▪ सडकमा पशुपन्छीको आवतजावत नियन्त्रण गर्ने | ▪ सुरक्षा निकायहरु |
| पशु घटना | ▪ जनचेतना फैलाउने<br>▪ उपचारको ब्यवस्था मिलाउने | ▪ रेबिजको सुई लगाउने<br>▪ घुम्ती सेवा प्रदान गर्ने | ▪ स्थानीय सरकार<br>▪ (पशु शाखा, स्वास्थ्य शाखा) |
| अनिकाल | ▪ परम्परागत अन्न भण्डारण गर्ने पद्धतीलाई पूर्णस्थापना गर्ने<br>▪ जनसंख्या नियनत्रण गर्ने<br>▪ बेरोजगारी हटाउने | ▪ सीपमुलक तालिम दिने<br>▪ दिगो राहत कोष स्थापना गर्ने<br>▪ परिवार नियोजन गर्ने<br>▪ गरिबको वर्गीकरण गर्ने | ▪ केन्द्रीय र प्रदेश सरकार<br>▪ स्थानीय सरकार (महिला, बालबालिका तथा विकास शाखा<br>▪ विभिन्न गैर सरकारी संस्था |
| चटयाङ्ग | ▪ व्यवस्थित विधुतीकरण गर्ने<br>▪ ठुला–ठुला संरचनाहरुमा अर्थिङ्ग को व्यवस्था गर्ने | ▪ | ▪ केन्दीय सरकारको स्थानीय सरकारलाई निर्देशन दिनुपर्ने<br>▪ विधुत प्राधिकरण |
| महामारी | ▪ व्यक्तिगत तथा सामुदायिक स्वास्थ्य सम्बन्धी जनचेतना फैलाउने<br>▪ शुद्ध खानेपानीको व्यवस्थापन गर्नुपर्ने | ▪ स्वास्थ्य सम्बन्धी मापदण्ड पूर्ण रुपले पालना गर्नुपर्ने | ▪ नगरपालिका<br>▪ विभिन्न सघं संस्थाहरु |
| असिना | ▪ बालीनालीको बिमा गर्ने<br>▪ क्षतिपुर्तिको व्यवस्था | ▪ | ▪ नगर– जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार, केन्द्रीय सरकार |
| हावाहुरी | ▪ हावाहुरी मैत्री भौतिक संरचना निर्माण गर्ने | ▪ | ▪ प्रदेश र स्थानीय सरकार |

| प्रकोप | मुख्य समाधानका उपायहरु | सहायक समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|---|
| | ▪ वृक्षारोपण गर्ने<br>▪ जनचेतना फैलाउने | | ▪ विपद् व्यवस्थापन समिति |
| भूकम्प | ▪ भुकम्प प्रतिरोधात्मक भवनको निर्माण गर्ने<br>▪ भवन निर्माण ऐन लागू गर्ने | ▪ | ▪ नगरपालिका<br>▪ योजना शाखा |

# खण्ड ३: स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिबिधिहरु

समुदायको संकटासन्नता तथा क्षमता विश्लेषणवाट आएका सूचनाहरुको आधारमा भावी दिनमा हुनसक्ने विपद्को सही विश्लेषण गरी त्यसको क्षति न्यूनिकरणको प्रयास स्वरुप विस्तृत कार्य योजना निर्माण गरिएको छ । यो कार्य योजनाले विपद् व्यवस्थापन कार्यमा यस पालिका तथा अन्य संघ संस्थाहरुको स्रोतसाधनको उच्चतम प्रयोग हुने अपेक्षा राखिएको छ । मुलभुत रूपमा मानव संसाधन तथा संस्थागत बिकास, भौतिक पुर्वाधार, प्राकृतिक श्रोत संरक्षण, जिबिकोपार्जन सुधार, नीतिगत क्षेत्रमा गर्नुपर्ने कार्यहरु, विपद् जोखिम ब्यवस्थापन तथा अनुकुलन गर्ने जस्ता प्रमुख क्रियाकलापलाई विकासका योजनासंग मुलप्रवाहीकरण गरिनेछ भन्ने आधारमा स्थानीय समस्या समाधान गर्ने क्रियाकलापलाई प्राथमिकतामा राखि व्यवस्थापनको योजना निर्धारण गरिएको छ ।

### ३.1 विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी, रोकथाम, अल्पिकरण र अनुकूलनका योजनाहरु

विपद्को संङ्कटासन्नता, क्षमता र जोखिम बिश्लेषणबाट प्राप्त परिणाम बमोजिम अत्याधिक जोखिम रहेका क्षेत्रमा जोखिम न्यूनिकरणका लागि गर्नुपर्ने क्रियाकलापलाई निम्न अनुसार बिभाजन गरि निर्धारण गरिएको छ ।

#### ३.1.1 नीतिगत व्यवस्था तथा निर्णय

नगरपालिका तथा वडाले विपद् जोखिम ब्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जिम्मेवारी सहित पालिका स्तरीय नगर विपद् व्यवस्थापन समिति तथा वडा विपद् व्यवस्थापन समिति गठन गरिसकेको छ । साथै विपद् पूर्वतयारी तथा प्रतिकार्यको कामलाई प्रभावकारी वनाउनको लागि विन्नि पांच कार्यदलहरु, खोज तथा उद्धार कार्यदल, स्वास्थ्य, प्राथमिक उपचार तथा सरसफाई कार्यदल, राहत व्यवस्थापन तथा पुनः स्थापना कार्यदल, पूर्वसूचना कार्यदल, लैङ्गीक समानता तथा सामाजिक समावेसीकरण कार्यदल गठन भएको छ । आवश्यक परेमा कार्यदलहरु वनाउने तथा थपघट गर्न सकिने छ (अनुसुची २) । त्यसैगरी प्रचलित कानुनबमोजिम आवश्यक नीतिगत निर्णय समेत गरी पालिका स्तरमा स्थानीय विपद् ब्यवस्थान कोष खडा भएको छ । साथै आवश्यकता अनुसार अन्य नीतिगत निर्णय तथा कार्यहरू निर्धारण गरी कार्यान्वयनमा ल्याईने छ । विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी र विकेन्द्रिकृत गर्न अन्य

पांच वटा वडमहरुमा वडा स्तरमा समेत विपद् व्यवस्थाप समिति गठन गरी परिचालन गर्नुपर्नेछ ।

### ३.१.२ जनचेतना तथा क्षमता अभिवृद्धि

नगरपालिकाको विभिन्न वडाहरुमा गरिएको संकटासन्नता तथा क्षमता बिश्लेषणले समुदाय स्तरमा विपद् जोखिम न्यूनीकरण, ब्वस्थापन तथा जलवायु उत्थानशिलतामा खासै जनचेतना नभएको पाईयो । त्यसैले नगरपालिकाले आफ्नो क्षेत्रमा विपद् प्रतिको ज्ञानमा थप जोड दिनुपर्ने आवश्यकता देखिन्छ । जोखिम व्यवस्थापनमा समुदायको सजगता अभिवृद्धि गर्न निम्न अनुसारको जनचेतना र क्षमता अभिवृद्धिका कार्यलाई कार्यान्वयन गर्ने गरि योजनामा समाबेश गरिएको छ ।

## तालिका 20: जनचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रमहरु

| प्राथमिकता क्रम | व्यवस्थापनका क्रियाकलाप | परिमाण | इकाई | दर (हजार) | स्रोतको व्यवस्था (हजार/०००) | | | सम्भावित सहयोग निकाय | जिमेवारी | | | समय अवधि (वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा बजेट | बाहय (सहयोगी | आन्तरिक | | स्थानीय | प्रदेश | संघीय | |
| 1 | **समस्या: विपद् तथा जोखिम व्यवस्थापन सम्बन्धि क्षमता र जनचेतनाको कमी** | | | | | | | | | | | |
| १.१ | विपद् पूर्व तयारी तथा प्रतिकार्यको कामलाई प्रभावकारी वनाउनको लागि विभिन्न पांच कार्य कार्यदलहरुको क्षमता अभिबृद्धि गर्ने | ५ | वटा | २० | १०० | | १०० | | विपत समिति | | | १ |
| १.२ | विद्यालय तथा मदरसा ECO-Club गठन गरि विपद् व्यवस्थापनको क्षमता बृद्धि गर्ने | | | ल.स | ५०० | ४०० | १०० | | विपत समिति | MoSD | MoFE | २ |
| १.३ | ECO-Club लाई परिचालन गरि विद्यालयहरुमा सचेतना कार्यक्रमहरु संचालन गर्ने | ३० | वटा | १० | ३०० | २०० | १०० | RDC, Nepal | वातावारण/ शिक्षा शाखा | | | |
| १.४ | स्थानीय एफ.एम रेडियो, पत्रिका तथा टेलिभिजनबाट विपद्को सम्भावित समयभन्दा अघि देखि जनचेतनाका लागि सन्देशहरु प्रसारण तथा प्रकाशन गर्ने । | १५ | पटक | १० | १५० | | १५० | | सूचना शाखा | | | ५ |
| १.५ | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्वन्धि जनचेतना मूलक माईकिङ, सडक नाटक, | १५ | पटक | १० | १५० | | १५० | | सूचना शाखा | | | ५ |

| प्राथमिकता क्रम | व्यवस्थापनका क्रियाकलाप | परिमाण | इकाई | दर (हजार) | स्रोतको व्यवस्था (हजार/०००) | | | सम्भावित सहयोग निकाय | जिमेवारी | | | समय अवधि (वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा बजेट | बाह्य (सहयोगी | आन्तरिक | | स्थानीय | प्रदेश | संघीय | |
| | भित्तेलेखन जस्ता कार्यक्रम संचालन गर्ने | | | | | | | | | | | |
| १.६ | समुदाय स्तरमा विपद् ब्यबस्थापन, खोज तथा उद्धार र प्राथमिक उपचार सम्बन्धि प्रशिक्षण तथा सामाग्री सहयोग | ९ | वटा | ३०० | २७०० | १८०० | ९०० | | विपत समिति | MoSD | | |
| १.७ | विपद् जोखिम व्यवस्थापनलाई पाठ्यक्रममा मुलप्रवाहीकरण गर्ने | १ | | ल.स | १०० | | १०० | NGO/ INGO | शिक्षा शाखा | | | २ |
| १.८ | स्थानीय ज्ञान र शिपलाई दस्तावेजीकरण गर्ने र विस्तार गर्ने | १ | वटा | ३०० | ३०० | | ३०० | | सूचना शाखा | | | १ |
| 2 | **स्थानीय समुदायलाई विपद् तथा जोखिम व्यवस्थापन सम्बन्धि पुर्व सूचना प्रणालीसंग पहुचको कमि** | | | | | | | | | | | |
| २.१ | जल तथा मौसम विज्ञान विभाग प्रकोप पुर्व सूचना प्रणालीसंग पहुँच स्थापित गरि डिजिटल सूचना प्रभाव गर्ने | १ | वटा | १५० | १५० | | १५० | NGO/ INGO | | | MoEWRI | २ |
| २.२ | स्थानीय विपद् पोर्टल स्थापित गरि त्यसलाई राष्ट्रिय तथा पर्देशिक विपद् प्रोटलसँग जोड्ने | १ | वटा | २०० | २०० | | २०० | NGO/ INGO | | | MoHA | २ |
| 2.3 | कृषि अभ्याससहरूमा मौसम जानकारीको प्रयोगमा क्षमता निर्माण | १ | वटा | २०० | २०० | | २०० | NGO/ INGO | | | NARC/ MoALD | २ |
| ३ | **समस्या: स्थानीयहरुलाई जलवायु परिवर्तन र अनुकुलन सम्वन्धि जनचेतनाको कमि** | | | | | | | | | | | |

| प्राथमिकता क्रम | व्यवस्थापनका क्रियाकलाप | परिमाण | इकाई | दर (हजार) | स्रोतको व्यवस्था (हजार/०००) | | | सम्भावित सहयोग निकाय | जिमेवारी | | | समय अवधि (वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा बजेट | बाह्य (सहयोगी | आन्तरिक | | स्थानीय | प्रदेश | संघीय | |
| ३.१ | कृषि पाठशाला मार्फत किसानहरूलाई जलवायु उत्थानशील कृषिमा सक्षम बनाउने | ९ | वटा | ३०० | २७०० | २१०० | ६०० | NGO/ INGO | | MoLMAC | | ५ |
| ३.२ | जलवायु–उत्थानशील भूमि प्रयोग अभ्यासहरू अपनाउन र लागू गर्न किसानहरूलाई तालिम तथा उपकरण सहयोग गर्ने | ४०० | कृषक | ५ | २००० | १५०० | ५०० | NGO/ INGO | कृषि शाखा | MoLMAC र MoITF | MoALD र MoFE | ५ |
| **नोट** | MoSD: सामाजिक विकास मन्त्रालय; MoFE–वन तथा वातावरण मन्त्रालय; MoEWRI-ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय; MoHA-गृह मन्त्रालय; MoALD-कृषि तथा पशुपन्छी विकास मन्त्रालय; MoFE-वन तथा वातावरण मन्त्रालय; MoLMAC-भूमि व्यवस्थापन, कृषि र सहकारी मन्त्रालय; MoITF-उद्योग, पर्यटन तथा वन मन्त्रालय | | | | | | | | | | | |

### ३.1.३ जोखिम न्यूनीकरण

नगरपालिकाभित्र रहेका विपद् जन्य सङ्कटासन्नता तथा जोखिम कम गर्न गर्नु पर्ने कार्यहरुलाई जोखिम न्यूनिकरणको योजना अन्तगत यसरी प्रस्तुत गरिएको छ।

तालिका 21: जोखिम न्यूनीकरणका कार्यक्रमहरु

| **प्राथमिकता क्रम** | **व्यवस्थापनका क्रियाकलाप** | **परिमाण** | **इकाई** | **दर (हजार)** | **स्रोतको व्यवस्था (हजार/०००)** | | | **सम्भावित सहयोगि निकाय** | **जिमेवारी** | | | **समय अवधि (वर्ष)** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **जम्मा बजेट** | **बाह्य (सहयोगी** | **आन्तरिक** | | स्थानीय | प्रदेश | संघीय | |
| 1 | **समस्या: वाढी, कट्टान र डुवानको कारण वासस्थानको क्षति, खेतिवाली नस्ट तथा पशुपंक्षीको क्षति हुने** | | | | | | | | | | | |
| १.१ | जोखिम संबेदनशिल भूउपयोग बनाउने र कार्यन्वयन गर्ने | १ | वटा | १२०० | १२०० | | १२०० | | विपत समिति | | | १ |
| १.२ | जोखिम संबेदनशिल भूउपयोगले निर्देशित गरेको भवन निर्माण मापदण्ड बनाउने र कार्यन्वयन गर्ने | १ | वटा | २०० | २०० | | २०० | | विपत समिति | | | १ |
| १.३ | नदी उकाश क्षेत्रहरुमा वस्ती विस्तारलाई नुरुसाहित गर्ने | ५ | वस्ती | २० | १०० | ५० | ५० | RDC, Nepal | वातावारण/ शिक्षा शाखा | | | |

| प्राथमिकता क्रम | व्यवस्थापनका क्रियाकलाप | परिमाण | इकाई | दर (हजार) | स्रोतको व्यवस्था (हजार/०००) | | | सम्भावित सहयोगि निकाय | जिमेवारी | | | समय अवधि (वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा बजेट | बाह्य (सहयोगी | आन्तरिक | | स्थानीय | प्रदेश | संघीय | |
| १.४ | तटवन्ध, तारजाली, वृक्षारोपण, वाँधको उचाई वढाउने | १००० | मि | ३० | ३०००० | २५००० | ५००० | | | MoPID | PCTMCDB/ MoFE र DWRI/ MoEWRI | ५ |
| १.५ | पानी/ढल उचित निकाशको प्रबन्ध गर्ने | | | ल.स | १५००० | १०००० | ५००० | | | MoPID | DUDBC/ MoUD | ५ |
| १.६ | डुवान सहने वाली प्रवर्धन कार्यक्रम गर्ने | १५० | हे | ५ | ७५० | | ७५० | NGO/ INGO | कृषि शाखा | कृषि ज्ञान केन्द्र | | ५ |
| १.७ | पानी निकास कम्जोर भएको खेतमा मच्यापलन प्रबर्धन | २० | वटा | १०० | २००० | १००० | १००० | | कृषि शाखा | कृषि ज्ञान केन्द्र | | ५ |
| २ | **समस्या: घर आगलागी भइ धन-जनको क्षेति** | | | | | | | | | | | |
| २.१ | अनुदानमा आधारित फुस छानो विस्तापन गर्ने | २००० | घरधुरी | ६० | १२०००० | १२०००० | | | भौतिक निर्माण शाखा | | MoUD | ५ |
| २.२ | दाउरा, भुस, पराल, गुईंठा क्रमश विस्थापन गरि इलेक्ट्रोनिक प्रविधिहरुको प्रयोग गर्ने | ३६०० | घरधुरी | २ | ७२०० | ६००० | १२०० | | वातावरण शाखा | MoDWED | | ५ |
| २.३ | खाना पकाउने ग्याँस सिलिन्डर नियमित अनुगमन हुनु पर्ने | १० | पटक | १० | १०० | | १०० | | बजार अनुगमन | | | ५ |

| प्राथमिकता क्रम | व्यवस्थापनका क्रियाकलाप | परिमाण | इकाई | दर (हजार) | स्रोतको व्यवस्था (हजार/०००) | | | सम्भावित सहयोगि निकाय | जिमेवारी | | | समय अवधि (वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा बजेट | बाहृय (सहयोगी | आन्तरिक | | स्थानीय | प्रदेश | संघीय | |
| ३ | **समस्या: अत्याधिक जाडोको कारण संकटासन्न मानिसको समुहलाई तथा पशुचौपायाको क्षति** | | | | | | | | | | | |
| ३.१ | जनचेतना जगाउने, न्यानो घर निर्माण अभियान | ५ | वटा | ३०० | १५०० | १२०० | ३०० | NGO/ INGO | | MoPID | | ५ |
